काठमाडौं, जि.प्र.का.
दर्ता नं २३२/०७३/०७४

'स्तरीय एवम् मौलिक सङ्गीतको धार - नेपाली गीतसङ्गीतको आधार'

www.musickhabar.com

म्यूजिक खबर

Musickhabar Fortnightly Magazine

पाक्षिक

सम्पूर्ण संगीत समाचारका लागि डाउनलोड गर्नुहोस्

वर्ष ५, अंक १८, २०८२ असार १ गते June. 15, 2025 मूल्य रु.१५/

१२औं म्यूजिक खबर म्यूजिक अवार्ड भव्य रूपमा सम्पन्न

खरेललाई दीर्घ साधना सम्मान

म्यूजिक भिडियो निर्देशनमा मौसम हिमालीको राज

विस्तृत पृष्ठ ५ मा

- सुनिता र सरोज सर्वोत्कृष्ट लोकदोहोरी गायक गायिका
- प्रेज्वल र सारिका सर्वोत्कृष्ट पप गायक गायिका
- सुमित र नम्रता सर्वोत्कृष्ट चलचित्र पार्श्व गायक गायिका
- गोविन्द र बबिना सर्वोत्कृष्ट आधुनिक गायक गायिका
- पेलालाई रजत र मीनालाई युवा प्रतिभा संगीत सम्मान
- खुमन र जुनुलाई दशकको संगीत सम्मान
- रमिललाई डायस्पोरा सम्मान, दिपेन्द्र सर्वोत्कृष्ट डायस्पोरा गायक
- एसपी कोइरालाको 'कहाँ छ स्वर्ग' सर्वोत्कृष्ट राष्ट्रिय भावको गीत
- अस्मिता र बादल सर्वोत्कृष्ट लोकदोहोरी मोडल
- आधुनिकतर्फ महेश र नरहरि सर्वोत्कृष्ट गीतकार संगीतकार
- पूजालाई बालप्रतिभा प्रोत्साहन सम्मान
- बिनोद र उषा सर्वोत्कृष्ट आधुनिक मोडल

विस्तृत पृष्ठ ३ र ४ मा

बहुआयामिक गायिका सारिका घिमिरे

म्यूजिक खबर/काठमाडौं

'गुन भुल्यौ' ('गुन भुल्यौ पित्तलको सुन पायौं होला') गीत मार्फत हाल टिकटक र युट्युबमा निकै चर्चित भएकी गायिका, सर्जक, संगीतकार र मोडल समेत हुन् - सारिका घिमिरे । यथार्थपरक शब्द, फरक आवाज र फरक प्रकारको संगीत भएको यो गीतलाई माया गर्नेहरू थपिएका-थपिएकै छन् । सार्वजनिक यातायातमा पनि यो गीत धेरै बज्न थालेको छ ।

यसो त यसअघि पनि उनको स्वरले सजिएको गीत 'हेल्लो मिस्ड कल हान्ने हु आर यु' गीतले झण्डै डेढ करोड भ्युज प्राप्त गरिसकेको छ । त्यस्तै केहि समय अगाडि सार्वजनिक भएको 'मायालु' (उसले त बिर्सियो रे मुटु साटेको, तारा गन्दै त्यो जुनेली रात काटेको)' बोलको गीतले पनि टिकटकमा तहल्कै पिट्यो । यस गीतका हरेक क्लिपमा टिकटक लाखौंको संख्यामा बने । उनको स्वरले सजिएका गीत खोजी खोजी सुनिए, टिकटक बने । गीत हाइलाइट भए गायिका ओझेल जस्तै । यतिबेला भने उनको स्वरले सजिएको गीत "गुन भुल्यौ पित्तलको सुन पायौं होला" जतिले सुनिरहेका छन् त्यतिनै गायिकाको पनि खोजि हुन थालेको छ । उनले पाएको सफलता अघिका संघर्ष बुझ्न चाहनेहरू पनि उतिकै थपिएका छन् ।

सारिका सानैदेखि चञ्चले स्वभावकी थिइन् । नाच्न, गाउन र अभिनय गर्न हुरूक्क हुन्थिन् । उनको रूचीलाई परिवारले पनि साथ दिए । सुरूमा उनको रहर फिल्ममा अभिनेत्री बन्ने थियो । त्यसैले करिअरको सुरूवाती दिनहरूमा उनी नायिका बन्ने दौडमा लागिन् ।

सारिकाले साहित्यकार झमक घिमिरेको पुस्तक 'जीवन काँडा कि फूल' मा आधारित फिल्ममा काम गर्ने मौका पनि पाएकी थिइन् । उक्त फिल्ममा सारिकाले झमकको दिदीको भुमिका निर्वाह गर्ने मौका पाइन् । त्यस्तै उनले आगो-२, रक्तभोग, रामकुमारी जस्ता फरक विषयवस्तुका चलचित्रमा समेत अभिनय गरेकी छन् । सारिकाको अभिनयको राम्रो चर्चा भयो । तर, यो फिल्म व्यावसायिक रूपमा सफल हुन सकेन । केहि सीमित कलाकारबाहेक अन्यको अभिनय त्यसैमा मात्र सीमित भयो। सारिकाले पनि फिल्म क्षेत्र छाडिदिइन् ।

त्यसपछि उनी गायनमा लागिन् । सारिका कलाका विविध विधामा संलग्न त छिन् नै गायनका पनि सबै विधामा पोख्त छिन् । आधुनिक, पप, लोक जनराका गीतमा उनले स्वर भरेकी छिन् । अहिले सफलतामै पुगेकी उनी आफु अझै संघर्ष गरिरहेको बताउँछिन्। उनी आफूले गाएको म्युजिक भिडियोमा आफैं अभिनय गर्दै आएकी छिन्। उनले भनिन्, 'पहिले म अभिनय गर्नकै लागि जन्मिएकी हुँ जस्तो लाग्थ्यो, तर फिल्म खेलिसकेपछि भने गीत गाउन जन्मेकी रहेछु जस्तो लाग्छ।'

उनी प्राय आफ्ना गीतहरूमा आफैं शब्द कोर्छिन् र संगीत पनि गर्छिन् । विभिन्न गुरूहरूबाट संगीतको शिक्षा लिइरहेकी छिन् । सारिका भन्छिन्, 'संगीत भनेको साधना हो । साधना सधैं प्राथमिकतामा पर्छ । भाइरल हुनुलाई सफलता मान्दिन, सुन्नेहरूले राम्रो प्रतिक्रिया दिनु मेरो लागि सफलता हो । अहिले सबैको मुखमा झुण्डिएको, टिकटकमा रोजाइमा परेको र प्रंशसा गरिएका कमेण्टलाई मैले ठुलो कमाई ठानेकी छु ।'

सारिकाले गायनकै कारण थुप्रै अवार्ड तथा पुरस्कार पनि प्राप्त गरेकी छिन् । हिमालय म्युजिक अवार्ड, सुन्दरादेबी म्युजिक अवार्डमा अवार्ड चुम्न सफल भएकी छिन् । यस्तै केहि समय अघि सम्पन्न भएको १२औं म्यूजिक खबर म्यूजिक अवार्डमा कलियुगकी राधा गीतबाट सर्वोत्कृष्ट पप गायिकाको अवार्ड उचाल्न सफल भइन् । उनको आफ्नै सारिका घिमिरे नामको युट्युब च्यानल पनि छ । भर्खरै सार्वजनिक भएको गुण भुल्यौ गीत उनकै च्यानलमा अपलोड गरिएको छ । जसबाट उत्साहजनक भ्युजसँगै गायिका घिमिरेले अत्यन्तै सकारात्मक प्रतिक्रिया पाएकी छिन् । अग्रज कलाकारहरूले समेत गीत शेयर गरिरहेका छन् । मिडियाले पनि यतिबेला उनलाई खोजिरहेका छन् । चौतर्फी प्रंशसा पाइरहेकी छिन् । यो प्रंशसालाई उर्जाका रूपमा लिएको र आगामी दिनमा अझ राम्रा राम्रा गीतहरू ल्याउने योजना उनले सुनाइन् ।

वरिष्ठ संगीतकार, गायक गणेश रसिकको निधन

म्यूजिक खबर/काठमाडौं

वरिष्ठ संगीतकार तथा गायक गणेश रसिकको निधन भएको छ । क्यान्सरपीडित रसिकको आइतबार नेपाल क्यान्सर अस्पताल हरिसिद्धिमा निधन भएको संगीतकार बुलु मुकारूङले जानकारी दिए। ७८ वर्षीय रसिक पाँच वर्षदेखि क्यान्सरबाट पीडित थिए । छोरी बेलायतबाट आएपछि मात्र उनको अन्त्येष्टि गरिने भएको छ । त्यतिन्जेलसम्म उनको शव त्रिवि शिक्षण अस्पतालको शवगृहमा राखिने मुकारूङले बताए ।

परिवारको जेठो छोरा रसिकका कान्छा भाइदेखि छोर ासम्मको निधन भइसकेको छ। माइँला भाइ नेपाल प्रहरीको इन्सपेक्टर थिए, माओवादी द्वन्द्वकालले ज्यान लियो। साहिँला भाइ दुर्घटनामा बितेका थिए। कान्छा भाइको पनि मृत्यु भइसकेको छ। केही वर्षअघि छोरा गुमाएका रसिकको श्रीमती पनि २०७७ सालमा कोभिडका कारण बितेकी थिइन्। उनी परिवारमा बुहारी र नातिनीका साथ बस्दै आएका थिए।

रसिक गायक, संगीतकार, साहित्यकारका कलासाहित्यसँग सम्बन्धित विभिन्न संस्थाको नेतृत्वमा रहेर काम गरेका व्यक्तित्व हुन्। रसिकका 'रातो भाले क्वाँया क्वाँया', 'घरबेटी नानी आँगनीमा देऊ न मलाई बास', 'नखेल्नु जुवा र तास', 'नुनजस्तो बिल्ने जिन्दगीलाई ढाकरमा बोकेर', 'धेरै सम्झे धेरै हुन्छ', 'हाम्रो घरबाट ट्याम्के डाँडा', 'ओ शून्यता' चर्तित गीत हुन्। साथै उनी सांगीतिक समूह लेकाली समूहका संस्थापक पनि हुन्।

उनका 'क्षितिजलाई छुन खोज्दा' ९कथासंग्रह० २०२४, 'एउटा सारंगी छुन खोज्दा' ९कथासंग्रह० २०२७, 'रसिकका गीतहरू' ९गीतसंग्रह० २०४५, 'आकाशगंगाको ओतमुनि' ९उपन्यास० २०४८, 'जब सिस्नुहरू टेक्दै हिँडे' ९संस्मरण० २०५५, 'बिलाउँदै गएका गीत' ९कथा संग्रह० २०५८, 'दसगजामा उभिएर हेर्दा'

९उपन्यास० २०६३, 'स्वाधीनताको पीडा' ९गीतसंग्रह० २०६८, पेरुंगो संस्करण ९पाँच कृति० २०७३ लगायत प्रकाशित छन्।

रसिकले रत्न रेकर्डिङ संस्थानको अध्यक्ष तथा महाप्रबन्धक ९२०३८(२०४००, सांस्कृतिक संस्थानको महाप्रबन्धक ९२०४०(२०४६०, साझा प्रकाशनको अध्यक्ष तथा महाप्रबन्धक ९२०५२(२०५५०, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको सदस्यसचिव ९२०७२(२०७५०जस्ता प्राज्ञिक संस्थानहरूको उच्च ओहोदाका गहन जिम्मेवारी निर्वाह गरेका थिए। भोजपुर छिनामखु नौलेगाउँमा जन्मिएका गणेश रसिकको वास्तविक नाम गणेशकुमार राई हो।

अष्ट लामाको नेतृत्वमा संगीतकार संघ नेपाल

म्यूजिक खबर/काठमाडौं

संगीतकार संघ नेपालको १३ औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशनबाट अष्ट लामाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ। चेतन सापकोटाको नेतृत्वमा रहेको संघको कार्यसमितिलाई विदाइ गर्दै संगीतकार लामाको नेतृत्वमा १३ सदस्यीय नयाँ कार्यसमिति निर्वाचित भएको हो ।

संगीतकार लामाको अध्यक्षतामा भएको संगीतकार संघ नेपालको वरिष्ठ उपाध्यक्षमा राजेश थापा रहेका छन् । त्यस्तै संघको प्रथम उपाध्यक्षमा शंकर थापा स्माइल, द्वितीय उपाध्यक्षमा राजेन्द्र बजगाईं, महासचिवमा दिनेश वान्तवा, सचिव दिपक शर्मा र कोषाध्यक्षमा योगेन्द्र उपाध्याय रहेका छन् ।

त्यसैगरी सदस्यहरूमा हरि सायमी, कमलीकान्त भेटवाल, बबिना भट्टराई, तारावीर पाण्डे, अर्जुन कौशल रहेका छन् । संगीतरत्न शम्भूजित बासकोटा संस्थापक अध्यक्ष रहेको यस संघमा लक्ष्मण शेष, शान्तिराम राई, पारस मुकारूङ र चेतन सापकोटा अध्यक्ष भइसकेका छन् ।

सुमनको शब्द, अर्जुनको संगीतमा दुर्गा र प्रतापको स्वरमा "ओइ नक्कले"

म्युजिक खबर । गायक प्रताप दास र गायिका दुर्गा खरेलको स्वरमा रहेको नयाँ गीत 'ओइ नक्कले' डिभाइन म्यूजिकको युट् युबमार्फत सार्वजनिक भएको छ । गीतकार सुमन पण्डित 'बैरागी'को शब्द र संगीतकार अर्जुन पोखरेलको संगीतमा तयार भएको गीतको संगीत संयोजन आदेश गुर्मछानले गरेका छन् । 'ओइ नक्कले' गीतमा त्रिकोणात्मक प्रेमकथालाई प्रस्तुत गरिएको छ ।

'ओइ नक्कले' भिडियोमा अभिनेता सुशान्त कार्की, अभिनेत्री प्रियंका कार्की र कबिता नेपालीको अभिनय देख्न सकिन्छ । दुई युवती र एक युवकबीचको प्रेम, मनोभावना र द्वन्द्वलाई गीतमा भावनात्मक रूपमा चित्रण गरिएको छ । 'ओइ नक्कले' को भिडियोलाई माइकल चन्दले निर्देशन गरेका छन् भने उत्सव दाहालले छायाँकन गरेका हुन् । सञ्जय विश्वकर्माको कोरियोग्राफी रहेको भिडियोलाई शिलन लम्सालले सम्पादन गरेका छन् । भिडियोलाई आकर्षक लोकेशन, गतिशील फ्रेम र कलाकारहरूको सशक्त अभिनयले थप प्रभावशाली बनाएको छ ।

हाल अष्ट्रेलियामा बसोबास गरिरहेका अभिनेता सुशान्त कार्की यस भिडियोका लागि विशेष रूपमा नेपाल आएका थिए । झन्डै ६ महिना अघि छायाँकन सम्पन्न भए पनि भिडियो हाल मात्र सार्वजनिक गरिएको हो । 'द डिभाइन म्युजिक' युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको गीतले छोटो समयमै दर्शकको मन जित्न सफल भएको छ । दर्शकहरूले गीतको संगीत, शब्द, स्वर र भिडियोको प्रस्तुति र कलाकारहरूको अभिनयको प्रशंसा गरेका छन् ।

१२औं म्यूजिक खबर म्यूजिक अवार्ड भव्य रूपमा सम्पन्न

खरेललाई दीर्घ साधना सम्मान, मौसम सर्वोत्कृष्ट म्यूजिक भिडियो निर्देशक

म्यूजिक खबर/काठमाडौं

काठमाडौं । १२औं म्यूजिक खबर म्यूजिक अवार्ड २०८१ भव्य रूपमा सम्पन्न भएको छ । राजधानीको तिलगंगा स्थित बेस्ट वेर्स्टन प्लस होटलमा हिजो शुक्रबार आयोजित कार्यक्रममा म्यूजिक खबर अवार्डका सल्लाहकार राधेश्याम लेकालीको सभापतित्वमा सम्पन्न भएको थियो । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सम्मानीय मन्त्री बद्री प्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा विशिष्ट गीतकार निर्देशक यादव खरेललाई दीर्घ साधना सम्मान अर्पण गरिएको थियो । माननीय मन्त्री पाण्डे, बिशिष्ट गीतकार राजेन्द्र थापा, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, कार्यक्रमकी संयोजक सबिता पोखरेल लगायतले ५१ हजार रूपैयाँ नगद तथा सम्मानपत्रसहित दोसल्ला ओढाएर विशिष्ट गीतकार खरेललाई सम्मान गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि माननीय बद्रीप्रसाद पाण्डेले प्रतिष्ठित गीतकार यादव खरेललगायतलाई सम्मान गरिसकेपछि हार्दिक बधाई दिँदै विशिष्टदेखि अनुजसम्मका स्रष्टा कलाकारलाई एकै ठाउँमा जम्मा गरेर सम्मानको वातावरण बनाउने म्यूजिक खबर टिमप्रति धन्यवाद दिएका थिए । 'कल्चर फर टुरिजम'को नारा लिएर म्यूजिक खबरले १२ वर्षसम्म गरेको अवार्ड तथा सम्मानको कार्य सह्वानीय भएको भन्दै सरकारले गर्न नसकेको काम व्यक्तिले गुर्न विशिष्ट कार्य भएको बताएका थिए ।

कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि एवं स्रष्टा कलाकारहरूलाई स्वागत गर्दै अवार्डका अध्यक्ष सुमन पण्डितले अवार्डलाई सम्मानित र मर्यादित बनाउँदै लैजान सम्पूर्ण कला क्षेत्र लाग्नुपर्ने बताए । अवार्डले कला क्षेत्रको सम्बर्द्धन, प्रबर्द्धनका निम्ति म्यूजिक खबरको निरन्तर यात्रा अगाडि बढिरहेको हुँदा अवार्ड र सम्मानले अझै उर्जा प्रदान गर्ने बताए । समृद्ध कला क्षेत्र बनाउन सम्पूर्ण स्रष्टा कलाकारको योगदान रहेको बताउँदै सम्पूर्ण प्रायोजक, सल्लाहकार, अतिथिहरूलाई हार्दिक धन्यवाद ज्ञापन गरेका थिए ।

अवार्डमा सुगमसंगीतर्फ गायक गोविन्द मधुर आचार्य र गायिका बबिना भट्टराई सर्वोत्कृष्ट गायक गायिका घोषित भए । आचार्यले एक दिन उज्यालो छाउला गीतका लागि सर्वोत्कृष्ट गायकको अवार्ड चुमेका हुन् भने भट्टराईले गुनासो गीतका लागि सर्वोत्कृष्ट गायिका अवार्ड चुमेकी हुन् । त्यस्तै आधुनिक विधातर्फ नरहरि प्रेमीले घर छोडेको मान्छे गीतबाट सर्वोत्कृष्ट संगीतकार बने भने महेश आचार्यले तिमी सँगै छैनौ गीतबाट सर्वोत्कृष्ट गीतकार बन्न सफल भए । गायिका अन्जु पन्त र गायक नरेश रेग्मीले धर्ती र जूनको कहानी गीतबाट सर्वोत्कृष्ट युगल गायनको अवार्ड चुम्न सफल भए । एउट जून गीतबाट सुशील बिक्रम शाहले सर्वोत्कृष्ट ध्वनि सम्पादन आधुनिकको अवार्ड चुमे । आदत गीतबाट विपिन आचार्यले सर्वोत्कृष्ट संगीत संयोजकको अवार्ड चुम्न सफल भए । रूपेश थापाले तिमीबिना चल्दैन गीतबाट सर्वोत्कृष्ट म्यूजिक भिडियो छायाँकार बन्न सफल भए भने लामपाते सुरतीबाट रबिन बिकले सर्वोत्कृष्ट म्यूजिक भिडियो सम्पादनको अवार्ड चुम्न सफल भए । अभिनेता विनोद श्रेष्ठ र उषा सुवेदीले विदाई गीतबाट सर्वोत्कृष्ट म्यूजिक भिडियो मोडलको अवार्ड चुम्न सफल भए शान थापाले छुनै हुन्न जस्तो गीतबाट सर्वोत्कृष्ट म्यूजिक भिडियो निर्देशकको अवार्ड चुम्न सफल भए ।

एलिना चौहानले तिमीबिना चल्दैन गीतबाट पपुलर गायिका अफ दि इयरको अवार्ड चुम्न सफल भइन् । भाग्य लेख्ने भगवान गीतबाट गीतकार भुपेन्द्र बुढाथोकीले जुरी अवार्ड गीतकारको अवार्ड प्राप्त गरे । पागल गीतबाट केशव पौडेलले जुरी अवार्ड संगीतकारको अवार्ड प्राप्त गरे भने दिपेन्द्र आलेले ढल्केबरैमा गीतबाट सर्वोत्कृष्ट गायक डायस्पोराको अवार्ड चुम्न सफल भइन् । जति टाले पनि गीतबाट सुरज पण्डितले जुरी अवार्ड गायकको अवार्ड प्राप्त गरे भने सर्वोत्कृष्ट कस्ट्युम डिजाइनर शम्भू पुरीले प्राप्त गरे ।

पपगायनतर्फ गायक प्रेज्वल नेपालीले कस्तो माया गीतबाट सर्वोत्कृष्ट पप गायक बने । गायिका सारिका घिमिरे कलियुगकी राधा गीतबाट सर्वोत्कृष्ट पप गायिका बन्न सफल भइन् । गीतकार रमेश कोइराला सर्वोत्कृष्ट पप गीतकार बने भने जुगल डंगोल सर्वोत्कृष्ट पप संगीतकार बन्न सफल भए । सुदिप भण्डारी (जिबब) सर्वोत्कृष्ट ऱ्यापर बन्न सफल भए ।

लोकदोहोरीतर्फ गायक सरोज लामिछानेले खोली तरेको गीतबाट सर्वोत्कृष्ट गायक लोकदोहोरीको अवार्ड चुम्न सफल भए । त्यस्तै गायिका सुनिता बुढा क्षेत्रीले उजेली गीतबाट सर्वोत्कृष्ट गायिकाको अवार्ड चुम्न सफल भइन् । कृष्ण केसीले ठूली गीतबाट सर्वोत्कृष्ट संगीत लोकदोहोरी, सन्तोष सापकोटा बस्यौ अलग्गै गीतबाट सर्वोत्कृष्ट गीतकार लोकदोहोरी, सामना शाह आँसुको वर्षात्बाट सर्वोत्कृष्ट महिला गीतकार, तेजेन्द्र दूरा तिम्रो जवानी गीतबाट सर्वोतकृष्ट संगीत संयोजक लोकदोहोरी, खड्ग बाजुराली ठूली गीतबाट सर्वोत्कृष्ट ध्वनि सम्पादन लोकदोहोरीको अवार्ड चुम्न सफल भए । त्यस्तै मौसम हिमालीले कश्मिरे पछ्यौरी गीतबाट सर्वोत्कृष्ट म्यूजिक भिडियो निर्देशक लोकदोहोरीको अवार्ड चुम्न सफल भए । बादल घिमिरेले कसम तोड्ने भा गीतबाट सर्वोत्कृष्ट म्यूजिक भिडियो मोडल महिला पुरूष र अस्मिता पुरीले फूलमाया गीतबाट सर्वोत्कष्ट म्यूजिक भिडियो मोडल महिलातर्फको अवार्ड चुम्न सफल भए । रेश्मा तामाङ जुध्यो नजर गीतबाट सर्वोत्कृष्ट कल्चरल गीत गायिका बनिन् । गायक शुक्र तामाङ र गायिका रेजिना परियारको ठट्यौली ठाडो भाका गीत सर्वोत्कृष्ट कल्चरल गीत बन्न सफल भयो । गायक रायन बस्याल घामको झुल्को गीतबाट सर्वोत्कृष्ट नवप्रतिभा गायकको अवार्ड चुमे भने उमेश भट्टले कतै म हराएँ कि गीतबाट सर्वोत्कृष्ट म्यूजिक भिडियो नवनिर्देशकको अवार्ड चुम्न सफल भए । गायक रामचन्द्र चन्दको पापीनीलाई गीत सर्वोत्कृष्ट लोकगीत बन्न सफल भयो । सबिन आचार्य र निशा गुरूङ सर्वोत्कृष्ट प्रत्यक्ष गायक गायिका घोषित भए । ए गौरी गीतबाट गायिका संगम लामिछाने र लजाउँदै लजाउँदै गीतबाट सुशील झवालीले पब्लिक च्वाइस अवार्ड लोकदोहोरीतर्फको अवार्ड चुम्न सफल भए ।

त्यसैगरी चलचित्रविधा तर्फ गीतकार प्रमोद ढुंगानाले चलचित्र उपहारको 'हारेको छैन' *-बाँकी ४ पेजमा*

C.B. MOUNT FRAMING CENTER PVT.LTD.

Photographer
chyangba lama
9851191354

New Baneshowr, Buddhanagar, Kathmandu 01-4782127, 9841631354

जुन काम तिमी आज गर्न सक्दछौ त्यसलाई कहिल्यै भोलिका निम्ती नछोड । -वेन्जामिन फ्रेंकलिन

सम्पादकीय

अवार्डको गरिमा र प्रभावकारिता

सङ्गीत क्षेत्रको प्रतिक्षित अवार्ड हो म्युजिक खबर म्युजिक अवार्ड । २०६९ सालदेखि निरन्तर गीतसंगीत क्षेत्रमा क्रियाशील कलाकारहरूको सम्मानमा सक्रिय रहेको छ । १२ वर्षसम्मको यात्रामा एउटा गरिमा बोकेको अवार्डका रूपमा 'म्युजिक खबर म्यूजिक अवार्ड' स्थापित बनिसकेको छ । राष्ट्रियस्तरमा अवार्डलाई मर्यादित र प्रतिष्ठित बनाउन ठूलो चुनौति छ । त्यही चुनौतिको बीचमा सजग रहेर अवार्ड कार्यक्रमलाई निरन्तर रूपमा गरिरहनु महत्वपूर्ण कुरा हो । अवार्ड गीतसंगीत क्षेत्रमा लाग्ने स्रष्टा, कलाकार र सिर्जनाको प्रोत्साहन, सम्मान हो भने गुणस्तरीय सिर्जना गर्नका लागि उर्जा हो । त्यस्तै अवार्ड महोत्सव हो कलाकारको उत्सव हो, जसलाई कलाकारले आत्मसात गर्दै उदाहरणीय कार्यका रूपमा सदैव नाम लिन सक्ने बनाउनु पर्छ । व्यवस्थापनका हिसाबले कार्य सम्पन्न गर्न एकातिर चुनौति भए पनि समग्रमा अवार्ड कार्यक्रमलाई गर्बिलो बनाउन उन्मुख हुनु आयोजकको कर्तव्य हो । अवार्डको प्रभावकारिता अझैं फराकिलो बनाउनुपर्ने छ । सम्मान र अवार्डले एउटा सर्जक या कलाकारको जीवनमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ ।

'म्युजिक खबर म्युजिक अवार्ड' म्युजिक खबर पत्रिकाको नामबाट स्थापित हुँदै आएको छ । सुरूका दिनमा म्युजिक खबरकै आयोजनामा हुँदै आएको यस अवार्डलाई पछिल्लो समयमा शुभकामना मिडिया सोलुशनले आयोजना गर्दै आएको छ । म्यूजिक खबर ब्रान्डिङ गर्दै एकातिर समाचार र सूचनामूलक पत्रिकालाई उचाइमा लैजानु हो भने अर्कोतिर स्रष्टा कलाकारको अभिभावकत्व प्रदान गर्ने प्लेटफर्म निर्माण गर्नु हो । म्युजिक खबर फाउन्डेसन स्रष्टा कलाकारहरूको सारथी हो र 'म्युजिक खबर म्युजिक अवार्ड' स्रष्टा कलाकारहरूको कर्तव्यबोध गराउने अवार्डका रूपमा स्थापित भएको हो । म्युजिक खबर एक पत्रिका मात्र नभएर समग्र कला मनोरञ्जनसँग जोडिएको क्षेत्रका प्रतिनिधिमूलक संस्थाको रूपमा प्रमाणित भइसकेको संस्था हो । यही संस्थाको नामबाट गरिएको ' म्युजिक खबर म्युजिक अवार्ड' ले सम्मान र प्रोत्साहनसँगै सहकार्यका हातहरू फैलाइरहेको छ । मनोरञ्जन क्षेत्र मुलुकको एउटा गर्बिलो क्षेत्र बनाउनु म्युजिक खबरको पनि उत्तिकै दायित्व छ । यो क्षेत्रमा लाग्दा हिजो नाक खुम्च्याउनेहरू आज मनोरञ्जन बिनाको कुनै पनि ठाउँ नभेटिने अवस्थामा पुगेको छ । मुलुकको कला, संस्कृतिले मुलुकको पहिचान झल्काउँछ । राष्ट्रियता र राष्ट्रलाई विश्वभर चिनाउन कला संस्कृतिको महत्वपूर्ण योगदान रहन्छ भने पर्यटनलाई प्रबर्द्धन गर्न पनि संस्कृति सारथी बनेको हुन्छ । यही क्षेत्रको सम्मानमा 'म्युजिक खबर म्युजिक अवार्ड' सक्रिय छ । पछिल्लो समय अवार्डको संख्या थपिँदै गएको छ तर अवार्ड अवार्डजस्तै बनाउन भने धेरै आयोजकहरू पछाडि परेका छन् । सम्मान र अवार्डको शृंखलालाई गर्बिलो बनाउन, सबैले आत्मसात गर्ने बनाउनका लागि कुनै पनि कसर बाँकी नराखी अगाडि बढ्न म्युजिक खबर परिवार तत्पर छ । 'म्युजिक खबर म्युजिक अवार्ड' लाई १२ वर्षसम्म निरन्तर ल्याउन सहयोग पुऱ्याउने विज्ञापनदाता सबैभन्दा महत्वपूर्ण स्थानमा रहेका छन् । सल्लाहकार टिम, आयोजक टिम धन्यवादको पात्र बनेका छन् । समग्र चलचित्र उद्योग, संगीत उद्योग र कला संस्कृतिको क्षेत्रमा क्रियाशील संघसंस्था, व्यक्तित्वहरू यसको हकदार बनेका छन् । सबैमा हार्दिक आभार प्रकट गर्दै 'म्युजिक खबर म्युजिक अवार्ड'को यात्रालाई अझै गरिमामय बनाउन यहाँको साथ र सहयोग सदैव रहने विश्वास व्यक्त गर्दछौं ।

पृष्ठ ३ बाट जारी...

गीतबाट सर्वोत्कृष्ट चलचित्र गीतकार बन्न सफल भए । संगीतकार अर्जुन पोखरेल ज्वाइँसाप चलचित्रको 'कसम बत्तिको' गीतबाट सर्वोत्कृष्ट संगीतकार बने । चलचित्र दिमाग खराबको झम्के झमाझम गीतबाट गायक सुमिन खड्का र गायिका नम्रता खरेल सर्वोत्कृष्ट चलचित्र गायक गायिका बन्न सफल भए । गायक सबिन सुवेदीलाई चलचित्रि छक्कापञ्जा ५ को विहे भाको छैन गीतबाट इकरेजमेन्ट अवार्ड गायकको अवार्ड प्रदान गरियो ।

उत्कृष्ट पाँचमा परेका मध्येबाट

सर्वोत्कृष्ट बन्नका लागि निर्णायकको तर्फबाट ५० प्रतिसत पब्लिकको तर्फबाट (भोट) ४० प्रतिसत र आयोजकको तर्फबाट १० प्रतिसत गणना गरि गीतहरूको मूल्यांकन गरिएको आयोजक संस्थाले जनाएको छ। निर्णायकमा लोकप्रिय मोडल तथा अभिनेत सागर लम्साल बले, म्यूजिक भिडियो निर्देशक तथा कोरियोग्राफर स्मृती तिमिल्सिना 'गुरूआमा', बरिष्ठ पत्रकार तुलसी गिरी 'भावुक', मोडल सबिना कार्की, लोकप्रिय गायिका देबी घर्ति र लोकप्रिय गायक राजु ढकाल रहेका थिए ।

त्यस्तै कार्यक्रममा 'म्यूजिक खबर रजत सम्मान' बाट तिलकसिंह पेला सम्मानित भएका थिए । गायक खुमन अधिकारी र गायिका जुनु रिजाललाई ' म्यूजिक खबर दशक संगीत सम्मान अर्पण गरियो भने गायिका मिना लामालाई ' म्यूजिक युवा संगीत सम्मान अर्पण गरिएको थियो । यस्तै गायिका पुजा देबकोटालाई ' म्यूजिक खबर बालप्रतिभा सगीत सम्मान', न्युजिल्याण्ड निवासी गीतकार रमिल अधिकारीलाई म्यूजिक खबर डायस्पोरा संगीत सम्मान प्रदान गरियो । त्यस्तै फोटो पत्रकारितामा उचाइ कायम गरेका फोटो पत्रकार प्रदीपराज वन्तलाई म्यूजिक खबर फोटो पत्रकारिता सम्मान अर्पण गरियो । गीतकार शेखर ढुंगेल र निर्देशक दिवाकर भट्टराईलाई म्यूजिक खबर स्रष्टा सम्मान, कोरियोग्राफर निर्देशक गम्भिर विष्टलाई म्यूजिक खबर कला सम्मान, सफला मैया राजभण्डारीलाई म्यूजिक खबर सामाजिक सेवा सम्मान र आश्विनीकान्त झालाई म्यूजिक खबर ब्यूटी प्याजेन्ट कोरियोग्राफर सम्मान अर्पण गरियो । त्यस्तै पत्रकार

एमपी सुब्बा र दिपाञ्जली शाहलाई जनही रू. ५५५५ सहित म्यूजिक खबर संगीत कला सम्मान अर्पण गरियो ।

कार्यक्रम गायिका मन्जु पौडेल र पत्रकार निराजन भण्डारीले कार्यक्रमको सञ्चालन गरेका थिए । कार्यक्रममा शंकर बिसी र अस्मिता पुरीको समूह, शिव विक र रितु तामाङको समूहले नृत्य प्रस्तुत गरेका थिए भने जुनु रिजाल र टिका बमजनले गीत प्रस्तुत गरेका थिए । शुभकामना मिडिया सोलुशनको आयोजनामा भएको १२औं म्यूजिक खबर म्युजिक अवार्ड कार्यक्रमलाई प्रिज्म टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको थियो ।

कार्यक्रममा संघीय सांसद रेखा कुमारी यादव, बागमती प्रदेश सांसद दिपेन्द्र श्रेष्ठ, प्रिज्म टेलिभिजनका अध्यक्ष निर्जल श्रेष्ठ, गीतकार संघ नेपालका अध्यक्ष बसन्त बित्यासी थापा, चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली, चलचित्र कलाकार संघका अध्यक्ष एवं अवार्डका सल्लाहकार मोहन निरौला, वरिष्ठ अभिनेत्री निर्देशक दीपाश्री निरौला, अवार्डका सल्लाहकारहरू दुर्गा रायमाझी, आरसी कोइराला, चन्द्र शर्मा, सन्तोष श्रेष्ठ, राम भट्टराई, वरिष्ठ गायक लाक्पा शेर्पा, कृषि विकास बैंकका म्यानेजर सुदिल घिमिरे, इल्मिरा इन्टरनेशनल ट्राभल्स एण्ड टुर्सका म्यानेजिङ डाइरेक्टर विमान कार्की, डिजिटल बोर्ड व्यवसायी संघका अध्यक्ष मोहन कार्की, आइआइएफटीका म्यानेजिङ डाइरेक्टर तेन्जिङ शेर्पा लगायतको उपस्थिति थियो ।

अवार्ड कार्यक्रमलाई कृषि विकास बैंक, सूर्य नेपाल प्रा.लि, आइआइएफटी फेसन स्कुल, मनकामना वेभरेज, टोखा नगरपालिका, गोकर्णेश्वर नगरपालिका, राष्ट्रिय वाणिज्य बैंक, चलचित्र विकास बोर्ड, नवोदित कलेज, कामना सेवा विकास बैंक, प्रभु बैंक, सानिमा बैंक, विन्ध्यवासिनी डेरी, सूर्यज्योति लाइफ, सुट माला, महालक्ष्मी पेन्सट्, ओखती साबुन, नेपाल वायुसेवा निगम, पालुङटार रिसोर्ट, वेष्ट वेस्टर्न प्लस, विकल्प एग्रोफर्म रश्मिलाज फेसियल हाउस , गोकर्णेश्वर नगरपालिका वडा नं. ५ र ९, इल्मिरा इन्टरनेशनल ट्राभल एण्ड टुर्स, हिमालयन वियर, घराना रेस्टुरेन्ट, सिंगापुर वेभरेज, डालो रेस्टुरेन्ट लगायतले सहकार्य गरेका थिए ।

-तस्बिरः सुरेश पन्त

म्यूजिक भिडियो निर्देशनमा मौसम हिमालीको राज

■ सबिता पोखरेल/म्यूजिक खबर

सांगीतिक क्षेत्रमा म्युजिक क्षेत्रमा स्थापित नाम हो- मौसम हिमाली । पछिल्लो पुस्ताका चर्चित र व्यस्त निर्देशकको अग्रस्थानमा उनको नाम आउँछ । उनी म्यूजिक भिडियो निर्देशनसँगै 'कोरियोग्राफी'मा पनि व्यस्त छन् । उनले निर्देशन गरेका चाहे 'कश्मिरे पछ्यौरी', 'ए होर माया' होस् वा 'झरनाको चिसो पानी', या त 'लोभी नजर' होस् वा 'जुन माया' र 'आहा माया' उनको जोश र सीप तिनीहरूमा प्रतिबिम्बित हुन्छ । उनले निर्देशन गरेका म्यूजिक भिडियो हेर्दा उनले संख्यात्मक भन्दा गुणस्तरमा ध्यान दिएको देखिन्छ । बुबा हरिबहादुर नेपाली र आमा खगीसरा नेपालीको कोखबाट २०५३ सालमा जन्मिएका उनी नाँच्न भनेपछि भुतुक्कै हुन्थे । गाउँ र विद्यालयमा भएका सांस्कृतिक कार्यक्रममा नाचेर सबैको स्यावासी पाउँथे, कतिपयले उपहार नै दिन्थे । सांस्कृतिक कार्यक्रमका ग्रुप डान्स गर्नुपर्दा पनि उनी आफैं सिकाउँथे । कला संस्कृतिले भरिपूर्ण सुर्खेत जिल्लाको जन्म र हुर्काईले पनि उनीभित्र कलाकारिता पलाउँदै गएको पाइन्छ । तथापि भविष्यमा डान्सर बनौंला या नाँच्ने, नचाउने पेशा बन्ला भन्ने उनले सोचेका पनि थिएनन् । उनका बुबा शिक्षक, गाउँ घरमा पाएको सम्मानले उनलाई पनि शिक्षण पेशाप्रति आकर्षण थियो ।

गृहजिल्ला सुर्खेतमा नै प्लस टु सम्मको अध्ययन पूरा गरेर उच्च शिक्षा अध्ययनका लागि २०७० सालमा उनी काठमाडौं भित्रिए । काठमाडौं आएपछि उनले गोंगबुस्थित स्काई ब्रीज कम्प्युटर इन्सिच्युटमा हार्डवयर कोर्ष पढ्न थाले । तीन महिना पढेपछि मासिक पाँच सय रूपैयाँमा कम्प्युटर मर्मत गर्ने काम गर्न थाले । शनिबार बिदा हुन्थ्यो, जुझारू स्वभावका उनी बिदाको दिन कहिलेकाहिँ म्युजिक भिडियोको सुटिङ भइरहेको ठाउँमा जान्थे । रमाइलो हेर्नका लागि गएका उनले एकदिन कोरस डान्स गर्ने अवसर पाए । डान्स मात्रै कमाएनन् उनले ६०० रूपैयाँ पारिश्रमिक पनि पाए । महिनाभरी काम गरेर ५०० कमाइरहेका उनले एकै दिन ६०० कमाएपछि खुशीको सीमा रहेन । अनि एकाएक मोडियो उनको करिअरको सपना पनि । कोरस डान्सबाट कलाकारिता शुरू गरेका उनी म्यूजिक भिडियोका स्थापित निर्देशक बनिसकेका छन् ।

ब्याक डान्सरका रूपमा काम गर्दा उनले राजेश हमाल, प्रकाश सपुत, पुष्प खडका, दिलिप रायमाझी, शंकर बिसी, रामजी खाँड लगायतका थुप्रै कलाकारका पछाडि नाचेका थिए । अहिले उनै कलाकारहरूलाई मौसमले नचाउने गरेका छन् । उनी थुप्रै कलाकार तथा निर्माताहरूको रोजाइमा परेका कान्छो निर्देशकको रूपमा समेत मानिन्छन् । नृत्यमा पारङ्गत उनी कोरसमा नाँच्दै गर्दा निर्देशकहरूको रोजाईमा पर्न थाले । सुरूवाती दिनमा नन्दराम परियारले गरेको सहयोगलाई कहिलै भुल्न सक्दैनन् । आफ्नै प्रोडक्सन हाउस भएका कारण नन्दरामले उनलाई धेरै काम दिन दिन्थे । डान्सको ग्रुप लिडरदेखि ड्रेस म्यानेजमेन्टको जिम्मा पनि म आफैंले गर्न थाले । निरन्तर काम गर्दै गए, व्यस्त बन्दै गए । उनलाई काम दिनेहरूलाई नै उनले काम दिन थाले । कोरस डान्सरबाट प्रारम्भ भएको यात्रालाई उनले दुई वर्षकै अवधिमा आफूलाई म्युजिक भिडियोको निर्देशकको रूपमा उभ्याउन सफल भए । महिनाको १५ देखि २० वटासम्म भिडियोमा काम गरिरहेका हुन्छन् । तीजको सिजनमा त एकदिन खाली बस्न पाउँदैनन् ।

विशेषतः लोकदोहोरी भिडियोका लागि पछिल्ला केहि वर्षयता निकै व्यस्त निर्देशकमा मानिन्छन्, उनी । लोकदोहोरीमा चिनिएका उनले थुप्रै आधुनिक गीतको समेत निर्देशन एवं कोरियोग्राफी गरेका छन् । तीज, दशैं, तिहार, मंसिर जस्ता सिजनमा उनी अझ बढी व्यस्त हुन्छन् । पछिल्लो नौ वर्षदेखि म्युजिक भिडियो निर्देशकको रूपमा काम गर्दै आएका हिमालीले हालसम्म दुई हजारभन्दा बढी भिडियोको निर्देशन गरिसकेका छन् । उनले महिनामा १५ वटाको हाराहारीमा भिडियोको निर्देशन गरिरहेका छन् । सानै उमेरमा नाम र दाम कमाएका उनी म्युजिक भिडियोबाटै निर्भर छन् । तथापि उनलाई कहिलेकाहिँ निरासाले पनि छुन्छ । संघर्षका दिनमा उनले यो क्षेत्रमा खासै सम्भावना पनि देखेनन् । कोरिया जानका लागि कोरियन भाषा समेत पढेका उनी अग्रज निर्देशकको माया र हौसलाले रोकिए । अग्रज निर्देशक तथा मोडल बब्बु थापाको साथ सहयोगलाई त उनी कहिलै भुल्न सक्दैनन् । मौसम भन्छन् - 'भिडियो बनाउँदा निर्देशकले धेरै कुरामा ख्याल गर्नुपर्छ । यसबाट आफ्नो करिअर बनाउन चाहने गायक, गायिका, कलाकारको भावनालाई न्याय गर्न सक्नुपर्छ । मलाई यसमा आफु सफल छु जस्तो लाग्छ ।'

मौसमको म्युजिक भिडियोलाई 'ह्यान्डल' गर्ने तरिका अन्य निर्देशकको भन्दा फरक छ । उनी आफ्ना प्रत्येक म्युजिक भिडियोलाई आफ्नो अन्तिम र एकमात्र काम जस्तै व्यवहार गर्छन् । म्यूजिक भिडियोका लागि सबैभन्दा निर्देशकको भुमिका बढी मेहनत गर्नुपर्ने र 'क्रियटिभ' भएकाले प्रतिस्पर्धा धेरै हुने उनी बताउँछन् । मौसम भन्छन् - 'हरेक भिडियोमा फरक- फरक कन्सेप्ट हुनुपर्छ, सीन हुनुपर्छ । त्यसका लागि डान्सको स्टेपदेखि हरेक कन्सेप्ट फरक हुनुपर्छ । त्यही भएर पनि अरूसँग प्रतिस्पर्धा गर्ने सोच पनि राख्दिन । मेरो प्रतिस्पर्धा मैसँग हुन्छ । क्रियटिभ स्वभावका मौसमले काम मात्रै गरेका छैनन् काम अनुसारको सम्मान र अवार्ड पनि पाउँदै आएका छन् । उनले 'प्यार प्यार' बोलको गीतबाट पहिलोपटक उत्कृष्ट निर्देशकको अवार्ड पाएका थिए । नेपाल म्युजिक अवार्डमा उत्कृष्ठ नव निर्देशकको अवार्ड प्राप्त गरेका थिए । त्यसपछि उनले 'घर कता हो बैनी', 'गुन्द्रुक मिठो सागको', 'माइली' लगायतका गीतबाट उत्कृष्ट निर्देशकको अवार्ड पाएका छन् । उनले रापती म्यूजिक अवार्ड, शिवशक्ति तीज म्यूजिक अवार्ड, चौधौं विन्दवासिनी म्यूजिक अवार्ड, सातौं रापती म्यूजिक अवार्ड, सगरमाथा म्युजिक अवार्ड, नेपाल म्यूजिक एण्ड फेसन अवार्ड लगायतका एक दर्जनभन्दा बढी अवार्ड पाइसकेका छन् ।

यहि क्रममा हालै राजधानीमा भव्य रूपमा सम्पन्न भएको १२औं म्यूजिक खबर म्यूजिक अवार्डमा पनि उनी लोकदोहोरी गीतका तर्फबाट सर्वोत्कृष्ट म्यूजिक भिडियो निर्देशक घोषित भए । उक्त समारोहमा 'कश्मीरे पछ्यौरी गीतबाट अवार्ड उचालेका उनी यस्ता अवार्ड तथा सम्मानले काममा उर्जा थप्ने र आत्मविश्वास बढ्ने बताउँछन् ।

संस्कृति मन्त्री पाण्डेद्वारा गलबन्दी रोधीघर स्टुडियो समुद्घाटन

रोधीघरमा सुमन परियार, निशान बानियाँ र साजन कुँवरको सहकार्य

म्यूजिक खबर/काठमाडौं

काठमाडौं । गायक सुमन परियार, निर्देशक निशान बानियाँ र संगीतकर्मी साजन कुँवरले सञ्चालनमा ल्याएको 'गलबन्दी रोधी घर' को सुविधायुक्त आधुनिक किसिमको स्टुडियो उद्घाटन भएको छ । असार १ गते आइतबार गलबन्धी रोधीघरका संचालक साजन कुँवरको सभापतित्व एवं संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्री बद्री प्रसाद पाण्डेको प्रमुख आतिथ्यतामा स्टुडियोको उद्घाटन गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि मन्त्री पाण्डेले शुभकामना दिने क्रमा गीतसंगीत क्षेत्रमा धेरै स्टुडियोहरू भए पनि 'गलबन्दी रोधी घर'ले फरकपन र गुणस्तर दिन सकोस् भन्दै शुभकामना दिए । मन्त्री पाण्डेले कलासंस्कृतिको लागि हरेक क्षेत्रमा क्रियाशील कलाकारहरूले आ-आफ्नो स्थानबाट संस्कृतिलाई बचाउन, प्रबर्द्धन र विकासमा टेवा पुऱ्याउने काममा सक्रिय हुन आग्रह समेत गरे । राज्यको काम नीति निर्माण बनाउने हो मन्त्री पाण्डेले भने- 'सबैले आफ्नो कर्मक्षेत्रमा रहेर काम गरेमा मात्र देशको कलासंस्कृति समुन्नत हुन्छ ।'

कार्यक्रममा उपस्थिति अतिथिहरूलाई स्वागत गर्दै गायक समुन परियारले गलबन्धी रोधीघर मल्टिस्टुडियोको रूपमा सुरू गरिएको बताए । स्टुडियोमा लाइभ दोहोरी, पोडकास्टको लागि छायाँकन तथा पोस्ट प्रोडक्सनको काम गर्नेछ भने टेलिसिरियल, विज्ञापनको निर्माण तथा बजार व्यवस्थापनका लागि उपयुक्त हुने संचालक सुमन परियारले जानकारी दिए ।

कार्यक्रममा लोकप्रिय गायक मिलन लामाले शुभकामना दिँदै राज्यले कलाकारका लागि पनि सुविधाको बाटो अपनाइ दिन आग्रह गरे । त्यस्तै राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका महासविच शिव हमालले कलाकारहरू स्टुडियोले मर्यादित रूपमा गीतसंगीतलाई प्रस्तुत गरोस् भन्दै शुभकामना दिँदै मन्त्री पाण्डे समक्ष कलाकारका समस्या र चुनौतिको बारेमा सुनाएका थिए । उनले गीतसंगीत क्षेत्रमा चर्चा बटुलेका कलाकारहरूले संचालनमा ल्याएको स्टुडियो उदाहरणीय बन्ने विश्वास व्यक्त गरे । महासचिव हमालले दोहोरी साँझहरू जस्तै अहिले लाइभ दोहोरी स्टुडियोहरू आत्मनिर्भरको बाटो बनेको बताए । स्टुडियोले पर्दा पछाडि रहेका वाद्यवादकलाई रोजगारी दिनुका साथै पर्दा अगाडि ल्याएर सबैका सामु चिनाउने काम समेत गरेको बताए । दोहोरी स्टुडियोहरू पछिल्लो समय धेरै कलाकारको रोजीरोटी बनेको र विद्यालयको रूपमा चिनिएको छ हमालले भने- 'अरूले सिकाएर चर्चा बटुल्न भन्दा पनि आफ्नै खुबीले गीतहरू गाउन सक्ने मात्र कलाकारका रूपमा स्थापित हुनुपर्छ ।'

त्यसैगरी पत्रकार सुमन पण्डित बैरागीले स्टुडियो नयाँशैली र नयाँ सोचका साथ उद्घाटन भएकोमा व्यवसायिक सफलताको शुभकामना दिएका थिए । उनले कला संस्कृति भनेको नेपालको पहिचान भएको हुँदा सबै दोहोरी स्टुडियोहरू पछिल्लो समय कलाकारको विद्यालय भएको बताए । दोहोरी स्टुडियोहरू नयाँ कलाकार उत्पादन र

आत्मनिर्भरको बाटो भएको बताउँदै मर्यादित दोहोरी प्रस्तुत गर्न उनले आग्रह समेत गरे । पत्रकार बैरागीले उपस्थित पत्रकार हरूलाई लक्षित गर्दै भने 'पछिल्लो समय पत्रकारिता डिजिटल मिडियातर्फ उन्मुख भएको र नकारात्मक कुराहरूलाई लक्षित गरेर प्रचारबाजी भएको छ, सकारात्मक तरिकाले पत्रकारले समाचार सम्प्रेसण गर्नुपर्छ ।'

कार्यक्रममा उपस्थित प्रमुख अतिथि एवं अतिथिलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रमका सभापति साजन कुँवरले 'गलबन्धी रोधीघर स्टुडियो'ले लाइभ दोहोरी, पोडकास्ट, टेलिचलचित्र, विज्ञापन निर्माण एवं बजार व्यवस्थापन गर्ने काममा सक्रिय रहने बताए ।

कार्यक्रममा गायिका टिका सानु, गायक इन्द्र जिसी, गायक बालकुमार श्रेष्ठ, कलाकार शक्ति गोदार लगायतले शुभकामना दिएका थिए । कार्यक्रमको सहजीकरण गायक चेतन गोतामेले गरेका थिए । स्टुडियोलाई गायक सुमन परियार, निर्देशक निशान बानियाँ र साजन कुवँरले संचालनमा ल्याएका हुन् । स्टुडियोको टेक्निकल संयोजकको भुमिकामा प्रेम अर्याल रहेका छन् भने वाद्यवादन संयोजकमा प्रदीप अधिकारी रहेका छन्। कार्यक्रममा समाजसेवी रूद्र बगाले, संगीत व्यवसायी बाबुराम बोहरा, इनेपाल रोधीघरका संचालक विष्णु शर्मा, सारङ्गी रोधघरका संचालक कमल कुमार विश्वकर्मा, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान गोरखा शाखाका अध्यक्ष हरिराम परियार, कुटुम्ब रोधीघरका संचालक दीपसागर थापा मगर, डाँडाघरे रोधीघरका संचालक सुनिल लामिछाने, मन्जरी दोहोरीका संचालक प्रकाश पराजुली, गायिका सुशिला गौतम, गायिका रेजिना परियार, गायिका मीना बुढाथोकी लगायत सयभन्दा बढी गीतसंगीत क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

संगीतकार राई र कलाकार हमाल लगायत ७ जनालाई प्रज्ञा प्रतिष्ठानको सम्मान

म्यूजिक खबर/काठमाडौं

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले १८औं गणतन्त्र दिवसका अवसर पारेर गणतन्त्र सुदृढीकरणमा सँस्कृतिकर्मीको भूमिका विषयक बृहत अन्तरक्रिया तथा गणतन्त्र स्रष्टा सम्मान-२०८२ कार्यक्रम आयोजना गर्दै संगीतकार गायक प्राज्ञ अशोक कुमार राई र नाट्यकर्मी वीरेन्द्र हमाललाई सम्मानित गरेको छ । प्राज्ञ राई र नाट्यकर्मी हमालसँगै सम्मानित हुनेहरूमा प्राज्ञ उदय श्रेष्ठ, संगीतकार काशिराम बुढामगर 'झंकार', गायक माधव श्रेष्ठ 'मोहित', केशरी घर्तीमगर 'एलिना', नृत्य निर्देशक उदिराम खड्का रहेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री अरूणकुमार चौधरीको प्रमुख आतिथ्यतामा संगीतकार राई र नाट्यकर्मी हमाललगायत ७ जना स्रष्टा कलाकारलाई सम्मान गरेको हो ।

सम्मानपछि बोल्दै राज्यमन्त्री चौधरीले ' हिजो नेपाली समाजमा राज्य सञ्चालकको सन्तान नै राज्यको मालिक बन्ने व्यवस्थाको

आज अन्त्य भएको बताए । दलित, महिला, मधेसी, मुस्लिम, आदिवासि जनजाति, अल्पसख्यक समुदायको अधिकार गणतन्त्रले सुनिश्चित गरेको जिकिर गरे ।'

कार्यक्रममा गणतन्त्र स्थापनाका १७ वर्ष वितेको र १८औं गणतन्त्र दिवसको अवसरमा ' गणतन्त्रको सुदृढिकरणमा संस्कृतिकमीहरूको भूमिका' बारे बोल्दै कार्यक्रमका विशिष्ट अतिथि तथा संस्कृतिविद् वरिष्ठ साहित्यकार निनु चापागाईंले नेपालमा गणतन्त्रको प्राप्तिको नारा ९० वर्ष अगाडि लागेको स्मरण गराउँदै सनातन हिन्दु राज्यको रूपमा रहेको सामन्तवादी राज्यसत्ता, राजतन्त्रात्मक व्यवस्था नेपाली जनताको लागि नभई सत्ता सञ्चालक र राज खानदानका लागि मात्र भएको जिकिर गरे ।

त्यसैगरी नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व सदस्य सचिव प्राज्ञ श्याम तमोटले हिजो गणतन्त्रका लागि अनवरत संघर्ष गरेको इतिहास छ । आज नेपाली समाजको गणतन्त्र सुदृढिकरणका लागि संस्कृतिकर्मीहरूले सिर्जनामा निरन्तरता दिन जरूरी छ । गणतन्त्रको संस्कृति कस्तो बनाउने यो महत्वको जिम्मा संस्कृतिकर्मीमा आएको बताउँदै आफ्नै पार्टीका नेता तथा कार्यकर्ताहरूलाई सुसंस्कृत बनाउन जरूरी भएको बताए ।'

प्रतिष्ठानका उपकुलपति शम्भुकुमार राईले स्वागत गर्दै नेपालमा गणतन्त्र नआएको भए म जस्तो राईको छोरो यो प्रज्ञा-प्रतिष्ठानमा आउने थिएन भन्दै गणतन्त्र दिवसको अवसरमा स्रष्टा कलाकार सम्मान गर्न पाउनु प्रतिष्ठानको कर्तव्य भएको बताए । कार्यक्रम प्रतिष्ठानका सदस्य सचिव कुश्मा महराले सञ्चालन गरेकी थिइन् ।

कार्यक्रका सभापति तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानकी कुलपति निशा शर्मा पोखरेले गणतन्त्रका लागि विगतमा मञ्चन गरिएका नाटकहरूको स्मरण गर्दै कार्यक्रम सफलताको लागि आ-आफ्नो भूमिकाका सबैप्रति हार्दिक धन्यवाद व्यक्त गरेकी थिइन् ।

फिल्म र म्युजिक भिडियोमा सुर्तीजन्य पदार्थको सेवन सम्बन्धी अन्तरक्रिया

म्यूजिक खबर/काठमाडौं

फिल्म र म्युजिक भिडियोका दृष्यमा सुर्तीजन्य पदार्थ सेवनका दृष्यको विकल्प खोज्नुपर्नेमा सरोकारवाला एकमत भएका छन् । राजधानीमा आयोजित एक अन्तरक्रिया कार्यक्रममा अनिवार्यबाहेक त्यस्ता दृष्य नराख्ने कुरामा जोड दिइएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, कर कोषको कार्यालय र चलचित्र विकास बोर्डको सहयोगमा स्वास्थ्यखबर फाउन्डसेनले आयोजना गरेको 'दृष्यमा सुर्तीजन्य पदार्थको प्रयोगः कथाले माग्छ' कार्यक्रममा बोल्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा विकास देवकोटा, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली, कलाकार शंकर बिसीलगायतले यस्तो धारणा राखेका हुन् ।

डा. देवकोटाले कला क्षेत्रको प्रत्यक्ष प्रभाव पर्ने बताउँदै सुर्तीजन्य पदार्थ सेवनका दृष्यको विकल्प खोज्न आग्रह गरे । उनले भने, 'हामी अहिले पनि टोपी मिलाउँदा राजेश हमाल (हिरोजस्तो) देखिएँ कि देखिइनँ भनेर सोच्ने गर्छौं । महिलाले कसैलाई सोच्नुहुन्छ होला। त्यो सिनेमाको प्रत्यक्ष प्रभाव हो । त्यहाँका गतिविधिले आम मान्छेको जीवनमा प्रभाव छाड्छन् ।' सर्जकलाई सृजनाका विषयमा सुझाव दिन भन्दा पनि आफैंले त्यस्ता दृष्यका विकल्पमा संसारमै मानक बनाउने दृष्य सृजना गर्नतर्फ लाग्नुपर्नेमा उनले जोड दिए । कलाकारिता सबै क्षेत्र, वर्ग र उमेर समूहसँग जोडिने बताउँदै उनले थपे, 'तपाईंहरू चुर ोट,सुर्तीको सहारा बिना नै अब्बल चरित्र निर्माण गर्न सक्नुहुन्छ ।'

विकास बोर्डका अध्यक्ष डिसीले सुर्तीजन्य पदार्थको प्रयोगलाई सृजनशीलताका उच्चतम प्रयोगबाट न्यूनिकरण गर्न सकिने बताए। फिल्ममा देखाइएको दृष्यबाट बालबालिकामा प्रभाव पर्ने कुरामा आफू केही हदसम्म सहमत रहेको बताए । उनले थपे, 'बालबालिकाले सुर्तीजन्य पदार्थको प्रयोग चलचित्रबाट सिक्ने गरेका छन् भन्ने तर्कलाई केही हदसम्म मान्न सकिन्छ। यसै तर्कसँग जोडेर म मेरो विगतलाई स्मरण गर्न चाहन्छु । जतिबेला म विद्यालय तहको अध्ययन गरिरहेको थिएँ । त्यतिबेला भारतीय अभिनेता रजनीकान्तले हातले फ्याट्ट फ्याट्ट पारेको देख्दा मलाई पनि चुरोट घुमाउने रहर जागेको थियो । चलचित्रका विषयवस्तुले धुम्रपान तथा लागू औषधको प्रयोगलाई बढावा मात्रै दिने नभई त्यस्ता पदार्थको प्रयोग गर्ने तरिका समेत सिकाइरहेका हुन सक्ने भन्दै सचेत रहन कला क्षेत्रलाई आग्रह गरे ।

फिल्म निर्देशक जनकदीप पराजुलीले प्रहरी, स्वास्थ्य, निजामति लगायत विभिन्न क्षेत्रले आग्रह गरेअनुसार फिल्म बनाउँदै फिल्म नै नबन्ने चिन्ता व्यक्त गरे । तर, फिल्म बनाउनुअघि बनाउनुअघि गम्भीर भएर सोच्नुपर्ने उनको भनाइ थियो । उनले थपे, 'हामी जति फिल्म बनाउनेहरू छौं । यसको असर थाहा छ । तर पनि हामी प्रयोग गरिरहेका हुन्छौं । त्यसमा भने ध्यान दिनुपर्छ ।' सामान्यतया सिनेमाभित्र कथाले मागेर नै यस्तो दृष्य राख्ने गरिएको पनि उनको तर्क थियो ।

यसैगरी एक्सन नेपालका अध्यक्ष आनन्द चन्दले कला क्षेत्र समाजको ऐना भएकाले विशेष सचेतना जरूरी भएको उल्लेख गरे । अध्ययन र अनुसन्धानलाई अघि सार्दै फिल्ममा चुरोट सेवन गरेको दृष्य देखेर सिकेको बताउनेहरूको संख्या उल्लेख्य रहेको बताए । उनले थपे, 'जसरी अहिले फिल्म र गीतका म्युजिक भिडियोमा त्यस्ता दृष्य देखिइरहेका छन्, अप्रत्यक्ष रूपमा सुर्तीजन्य पदार्थ उत्पादकले सहयोग गरिरहेको जस्तो देखिन्छ । सर्जकहरूले सचेत हुनुपर्छ ।'

म्युजिक भिडियो कलाकार संघका पूर्वअध्यक्ष तथा कलाकार शंकर बिसीले पहिले भन्दा अहिले दृष्यहरू कटौती गर्दै लगिएको बताए । देखासिकीमा त्यस्ता दृष्य निर्माण भइरहेको बताउँदै कलाकारमा बढ्दो सचेतनाले दृष्यमा कटौती भइरहेको उनको भनाइ थियो ।

स्वास्थ्य मन्त्रालयका कानु उपसचिव गोपीकृष्ण रेग्मीले फिल्म हेर्ने क्रममा यस्ता दृष्य निकै नै देखिएपछि कार्यक्रमको अवधारणा आएको बताए । उनले कलाकर्मीलाई कानुन र जनस्वास्थ्य जानकारी दिएर थप जिम्मेवार बनाउन कार्यक्रम गरिएको बताए । साथै सुर्तीजन्य पदार्थका विषयमा रहेका कानुनी प्रावधान समेत उल्लेख गरे ।

कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा भक्त केसीले सुर्तीजन्य पदार्थले जनस्वास्थ्यमा पुऱ्याइरहेको हानीबारे जानकारी दिएका थिए । कला क्षेत्रले जनस्वास्थ्यका पक्षमा काम गर्नुपर्नेमा उनको जोड थियो । कार्यक्रममा फिल्म, म्युजिक भिडियो क्षेत्रमा कार्यरतहरू, स्वास्थ्य मन्त्रालयका अधिकारी, फिल्म र म्युजिक भिडियोका र स्वास्थ्य बिटमा सक्रिय पत्रकारहरू सहभागी थिए ।

गीतकार संघ नेपालको स्थापना दिवस सम्पन्न
रसिकलाई "अमर-भावना राष्ट्रिय स्रष्टा सम्मान" अर्पण

म्यूजिक खबर/काठमाडौं

गीतकार सङ्घ नेपालले 'स्रष्टा सम्मान तथा पुरस्कार वितरण-२०८१' कार्यक्रम गर्दै १६ औं स्थापना दिवस भव्यताका साथ मनाएको छ । पिंगलास्थानस्थित होटेल बेस्ट वेस्टन प्लसमा जेठ १४ गते आयोजित कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईको प्रमुख आतिथ्यता रहेको थियो भने संघका अध्यक्ष बसन्त बित्यासी थापाको सभापतीत्व रहेको थियो । नियमित रूपमा प्रदान गर्दै आएका सम्मान तथा पुरस्कार यस वर्ष पनि अर्पण गरियो । यस वर्ष प्रतिष्ठित गीतकार गणेश रसिक अमरभावना राष्ट्रिय स्रष्टा सम्मानद्वारा सम्माति भए । अस्वस्थताका कारण कार्यक्रममा उपस्थित हुन नसकेका विशिष्ट गीतकार रसिकलाई निवासमा नै पुगेर नगद रू. १ लाख ५१ हजारसहित सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरियो । भोजपुर जिल्लामा जन्मेका ७८बर्षीय रसिक कलिलो उमेरमै गीत सङ्गीतमा सक्रिय भएका हुन् । २०२४ सालमा रसिकको रचना एवम् संगीतमा रेडियो नेपालमा हिरण्य भोजपुरेसंगको युगल गायनमा गीत रेकर्ड भएपछि उहाँको नाम सांगीतिक आकाशमा गुन्जन थालेको हो ।

रसिक गायक एवम् सङ्गीतकारका साथै मुलतः गीतकार हुन् । उनका दर्जनका हाराहारीमा पुस्तक प्रकाशन भएका छन् । "रसिकका गीतहरू २०४५" र स्वाधीनताको पीडा २०६८" गीतसंग्रह प्रकाशन भएका छन् । त्यस्तै, रसिकको शब्द र सङ्गीतमा तयार भएको अडियो क्यासेट "मेरो अतित्, अन्तराल भाग १, २ र "ओ सुन्यता" नामक सिडी प्रकाशन भएका छन् ।

त्यस्तै, यस बर्षको 'डायस्पोरा गीतकार सम्मान गीतकार संघ नेपाल २०८१' बिदेशमा बसी नेपाली गीतलेखनमा योगदान पुऱ्याएकोमा अमेरिकामा बसोबास गर्ने गीतकार दिलिप योन्जन तामाङलाई नगद रू. १५,००० सहित सम्मान गरियो । यस बर्ष बिष्णुमन्सरा घले मातृभाषा गीतकार सम्मान २०८१ बाट मगर भाषाका गीतकार सन्जोग लाफा मगरलाई नगद रू. २५,२५२ सहित पुरस्कृत गरियो ।

कार्यक्रममा संघमा आवद्ध सदस्यहरूमध्ये ८० बर्षभन्दा जेष्ठ गीतकार हरिभक्त बुढाथोकी (८६बर्ष) लाई नगद रू. ५, ५५१ सहितसम्मान-पत्र र दोसल्ला ओढाई सम्मान गरियो ।

कार्यक्रममा यस बर्ष भैरवनाथ रिमाल (कदम) बर्षगीत पुरस्कारबाट नगदसहित गीतकारद्वय डा. ओमकृष्ण प्रसाईं र ध्रुब खनाल रू. ५७००० सहित पुरस्कृत भए भने जगतमर्दन थापा बर्षगीत पुस्तक पुरस्कार २०८१ गीतकारद्वय त्रिविक्रम पाण्डे र गीतकार हिमांशु रायलाई नगद रू. ५७,००० सहित सम्मान प्रदान गरियो ।

त्यस्तै साहित्य एवम गीत सङ्गीत जस्ता वौद्धिक सम्पतिको संरक्षण गर्नका लागि प्रतिलिपि अधिकारलाई कार्यान्वयन गर्न उल्लेख्य भूमिका खेलेकाले गीतकार एवम् अतिरिक्त महानिरिक्षक टेक तामाङ्लाई बौद्धिक सम्पति संरक्षण सम्मान अर्पण गरियो । त्यस्तै संघको कार्यालय संचालनमा भौतिक सहयोग पुऱ्याए वापत एलेन ठूलेलाई पनि सम्मान प्रदान गरियो । सोहि समारोहमा यस बर्ष गीतकार संघ नेपालको आजीवन सदस्यता प्राप्त गीतकारहरूलाई प्रमाण-पत्रसमेत वितरण गरिएको थियो ।

प्रमुख अतिथि कुलपति राईले गीतकार संघ नेपाल गीतकार संघका सदस्य गीतकारहरूको हकहितमा स्थापित पवित्र संस्था रहेको र नेपालको लोकतान्त्रिक व्यवस्थाको मर्मअनुसार बिभिन्न भाषाभाषिका गीतहरूले समेत गरिमामय स्थान पाएकोमा खुसि व्यक्त गरे ।

संघले विभिन्न शीर्षकमा प्रदान गर्दै आएका सम्मान एवम् पुरस्कारले नेपाली गीत लेखनमा श्रस्टा सर्जकको हौसला बढेकोमा बताउँदै कुलपति राईले जस्तो सुकै गीत-सङ्गीत सिर्जना भएता पनि एउटा सुन्दर महलको जगझै गीतकार पनि गीतको जग हो यसैले घरको जग अदृश्य रहेर पनि महत्वपूर्ण भएझैं गीतका लागि गीतकार महत्वपूर्ण अङ्ग हुने उनले बताए । त्यस्तै राज्यका तर्फबाट गीतकारहरू उपेक्षित भएता पनि गीतकारहरूले पाउनु पर्ने हक-अधिकारका लागि गीतकार संघ नेपाल लडिरहन र संघका अध्यक्ष थापाले बताए ।

देशका चर्चित गीतकार, संगीतकार, एवम् तीन सय अधिक लब्ध प्रतिष्ठित व्यक्तित्वको उपस्थिति थियो । गीतकार दिनेश अधिकारी, सुबाश चन्द्र ढुंगेल, प्रमोद ढुंगाना, भुषण खरेल, लगायतका गीतकारको उपस्थिति रहेको कार्यक्रमलाई संघका उपाध्यक्ष रमेश कोइरालाले स्वागत मन्तब्य राखेका थिए भने संचारकर्मी एवम् संघका आजीवन सदस्य हेम सुबेदीले कार्यक्रम संचालन गरेका थिए ।

भुवन, चैत्य र बसुन्धरालाई चलचित्रकर्मी त्रिदेवी सम्मान चन्द्रकला शाहलाई दीर्घ साधना सम्मान

म्यूजिक खबर/काठमाडौं

पाँचौं राष्ट्रिय साधना म्युजिक रिवार्ड (अवार्ड) २०८१ मा नेपाली चलचित्रको पहिलो नायिका भुवन चन्द, बसुन्धरा भुसाल र चैत्यदेवी सिंहलाई त्रिदेवी सम्मान प्रदान गरिएको छ । सामना क्रियशनको आयोजनामा राजधानीको चलचित्र विकास बोर्डमा आयोजना भएको अवार्डमा पुर्व गृहमन्त्री शक्ति बहादुर बस्नेतको प्रमुख आतिथ्यता रहेको थियो भने सामना शाहको सभापतित्व रहेको थिईन् ।

समारोहमा बिशिष्ट गायिका एवम् गीतकार चन्द्रकला शाहलाई दीर्घ साधना कलाकारिता सम्मान प्रदान गरिएको थियो । त्यस्तै नेपालकै पहिलो चलचित्र आमाका तिन अभिनेत्रीहरू भुवन चन्द, चैत्यदेवी एवम् बसुन्धरा भुषाललाई चलचित्रकर्मी त्रीदेवी सम्मानद्धारा सम्मानित गरियो । यसै अवसरमा समारोहमा संगीतकार चेतन राई, सञ्चारकर्मी सोनित राज ढुङ्गेल, गायिका अनिता कुँवर, संचारकर्मी तुल सिंह रनपछाई, मिसेज नेपाल रेश्मा घिमिरे, गीतकार/गायक सुवास कार्की, संगीतकार मदन नेपाली, गायक धनराज चुनारा, बालकलाकार आरिया शाही, गोकर्णेश्वर नगरपालिका प्रशासकिय अधिकृत याम नारायण गौली सम्मानित भए ।

विभिन्न २२ विधामा प्रदान गरिएको पाँचौ राष्ट्रिय साधना म्युजिक अवार्ड (रिवार्ड) कार्यक्रममा लोकदोहोरी शब्दमा ज्यानै फाल्दिन्छु बाट सागर रेग्मी अवार्ड विजेता घोषित भए । यसै गीतबाट मोडल पुरूष अभिनय तर्फ अशोक पौडेल र महिला तर्फ निरूता साही तथा दोहोरी निर्देशकमा श्रृजन बराल गरी ४ विधामा यो गीतले अवार्ड विजेता गराउन सफल भयो ।

कार्यक्रमा वेसारे माया बोलको गीतमा लोकदोहोरी उत्कृष्ट लयको लागी शान्त शिशिर र महिला मोडल नृत्यको लागी सञ्चिता साहीले जुरी अवार्ड पाईन । लोक दोहोरी विधा तर्फ नै गायकमा राम प्रशाद अवस्थीले तिम्रो खाँचो गीतबाट, गायिकामा सिमा थापाले दमौलीमा गेट गीतबाट, मोडल पुरूष नृत्य तर्फ विमल अधिकारी म बाँचेकी तिम्रो लागी गीतबाट, महिला तर्फको मोडलमा अस्मीता पुरी फुलमाया गीतबाट अवार्ड विजेता घोषित भए ।

पाँचौ राष्ट्रिय साधना म्युजिक अवार्ड (रिवार्ड) ०८१ मा आधुनिक गीत तर्फबाट शब्दमा डा. ओम कृष्ण प्रसाई पिता गीतबाट, संगीतमा केशव सापकोटा भेलीमाया गीतबाट गायकमा डेविट शंकर जुनकिरी गीतबाट, गायिकामा प्रतिमा के.सी. खाली खुट्टा गीतबाट, मोडल पुरूष तर्फ श्रीदेव भट्टराई जहिले देखी नजर जुध्यो गीतबाट, महिला मोडलमा दिपा शाही कस्ती थिए कस्ती भए गीतकाट, महिला मोडलकै जुरी अवार्ड बाट सपना जनक मेरो मान्छे गीतबाट, पुरूष मोडलको जुरी अवार्ड विजेन्द्र नौवागे म तिमिलाई मन पराउछु गीतबाट एवम् आधुनिक गीत निर्देशकमा सियोन श्रेष्ठ सत्य राम कसम गीतबाट उत्कृष्ट अवार्ड विजेता घोषित भए ।

उत्कृष्ट छायाँकारमा मेरी बाठी मायाले गीतबाट अजय रेग्मी, सम्पादनमा राजेश कुमार बाँच्दीन म गीतबाट, एरेन्जरमा विष्णु तामाङ पालेदाई गीतबाट अवार्ड विजेता घोषित भएका थिए ।

कार्यक्रममा प्रमुख अतिथी पुर्व गृहमन्त्री शक्तिबहादुर बस्नेतले शुभकामना मन्तव्य राखेका थिए भने स्वागत मन्तव्य कार्यक्रमका निर्देशक शान्तिप्रियले राखेका थिए । कार्यक्रमको संचालन दिपज्योती थापाले गरकी थिइन ।

इन्द्रेणी बैंक्वेट र एलओडी विरूद्ध रोयल्टीसम्बन्धी मुद्दा

म्यूजिक खबर/काठमाडौं

गीत संगीतको सार्वजनिक प्रयोग गरेवापत कानुनले तोके बमोजिम रोयल्टी तिर्नु पर्ने ब्यबस्थालाई वेवास्ता गरी स्रष्टाको प्रतिलिपि अधिकार हनन्का बिरूद्ध नेपालमा पहिलो पटक रोयल्टीसम्बन्धी मुद्दा प्रहरीमा दर्ता भएको छ । संगीत रोयल्टी संकलन समाजका तर्फबाट जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंले इन्द्रेणी बैंक्वेट प्रालि र लर्ड अफ द ड्रिङ्स (एलओडी) विरूद्ध शुक्रबार जिल्ला प्रहरी परिसर, भद्रकालीमा मुद्दा दर्ता गरेको हो ।

रोयल्टीको दायरामा आउनु पर्ने क्षेत्रहरू झण्डै पचास वटा छन् । सबैलाई रोयल्टीको दायरामा आउन र अनुमति लिन समाजले आग्रह र पत्राचार गर्दै आएको छ । तर प्रतिलिपि अधिकार अधिकार ऐन २०५९ र नियमावली २०६१का प्रावधानहरू उल्लंघनका बिरूद्ध यस अघि संस्थागतरूपमा मुद्धा दर्ता भएको थिएन । पछिल्लो पटक दुई संस्था बिरूद्ध मुद्धा दर्ता भए पछि कानुन उल्लङ्घन गर्ने अन्य क्षेत्र र संस्थाहरूविरूद्ध पनि कारबाहीको ढोका खुलेको छ । नेपालको संविधान, २०७२ को भाग ३ मा मौलिक हक र कर्तव्य अन्तर्गतको धारा २५ मा सम्पत्तिको हकमा अन्य सम्पत्ति

सरह बौद्धिक सम्पत्तिको हक प्रदान गरिएको छ ।

गीत-संगीत (बौद्धिक सम्पत्ति)को मालिक रचयिता स्रष्टालाई तिर्ने कृतिश्वलाई रोयल्टी भनिन्छ । रोयल्टी यस्तो एउटा अनिवार्य तिर्नु पर्ने कृतिश्व हो,जसलाई सार्वजनिक प्रयोगकर्ताले प्रयोग गरे पिच्छे तिर्नुपर्ने हुन्छ । रोयल्टी नतिरी गीत-संगीत (बौद्धिक सम्पत्ति) को प्रयोग गर्नु कानूनी अपराध हो । जसको लागि प्रतिलिपि अधिकार ऐन,२०५९ मा दण्ड सजायको व्यवस्था गरिएको छ । नेपाल बौद्धिक सम्पत्तिको संरक्षण गर्न बनेको संयुक्त राष्ट्र संघको वर्न महासन्धि र रोम महासन्धिको पक्षधर हस्ताक्षरकर्ता पनि हो ।

गीत-संगीत (बौद्धिक सम्पत्ति) को पनि कसैले रोयल्टी नतिरी सार्वजनिक प्रयोग गऱ्यो भने प्रतिलिपि अधिकार ऐन,२०५९ ले तोकेको कसुरको मात्रा अनुसार दश हजार रूपैयाँ देखि एक लाख रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ । दोस्रो पटकदेखि पटकै पिच्छे बीस हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ । गलत कार्यमा प्रयोग भएका सामग्री जफत गर्ने एवं नोक्सानी वापतको क्षतिपुर्ति भराउने समेत कानूनी व्यवस्था छ । यस बाहेक रोयल्टी नतिर्नु वा छलि गर्नुबाट रोयल्टी भित्र रहेको राज्यले पाउने करको हिस्सा समेत छली हुने हुनाले राजश्व छलि सम्बन्धी अपराधमा कानूनले तोके बमोजिमको कारवाहीको समेत भागिदार हुनु पर्दछ ।

बुझिए अनुसार संगीत रोयल्टी संकलन समाजले नेपालमा संचालन भएका गीत संगीतको सार्वजनिक प्रयोग गरिने रियालिटी शो र त्यसलाई प्रसारण गर्ने संस्था बिरूद्ध पनि मुद्धा दर्ताको तयारी गरेको छ ।

समाजको १४ औं वार्षिक साधारण सभाले प्रतिलिपि अधिकार नियमावली २०६१ को नियम १० 'ग' अनुसार देशभर संगीत रोयल्टी संकलन गर्न शिव म्युजिकलाई एजेन्सी नियुक्त गरेको थियो । शिव म्युजिकका कार्यकारी निर्देशक टीका राई शिवले रोयल्टी संकलन समाज नेपालको मापदण्ड २०८० अनुसार काम गरिरहेको बताएका छन् । यो मापदण्डले रेडियो, टेलिभिजन, होटल, लज, रिसोर्ट, क्यासिनो, सार्वजनिक यातायात, डिपार्टमेन्टल स्टोर, पार्टी हल, पार्टी प्यालेस जस्ता विभिन्न क्षेत्रबाट रोयल्टी संकलनको पहल गरिरहेको छ ।

प्रेमध्वज प्रधानको ८९औं जन्मजयन्तीमा ४ संगीतकर्मीलाई नगदसहित सम्मान

म्यूजिक खबर/काठमाडौं

ख्यातिप्राप्त गायक तथा संगीतकार स्व. प्रेमध्वज प्रधानको ८९औं जन्मजयन्ती उनकै जन्मस्थल सिन्धुपाल्चोकको चौतारामा जेठ २७ गते मंगलबार भव्यताका साथ मनाइएको छ ।

गोल्डेन भ्वाइस प्रेमध्वज प्रधान स्मृति प्रतिष्ठानद्धारा आयोजित कार्यक्रममा ४ संगीतकर्मीलाई नगदसहित सम्मान गरीएको थियो । सो अवसरमा नगद १ लाख १ रूपियाँसहित प्रेमध्वज प्रधान राष्ट्रिय सङ्गीत सम्मान २०८२ बाट गायिका मीरा राणालाई सम्मानित गरिएको थियो । गायिका राणाकी पतिको प्रतिकुल स्वास्थ्यका कारण कार्यक्रममा सहभागी हुन नसकेपछि सो सम्मान उनको भाई विजेन्द्र मिश्रले ग्रहण गरेका थिए। प्रेमध्वज प्रधान राष्ट्रिय वाद्यवादन सम्मानबाट वाद्य संगीत निर्देशक मोहनकृष्ण कार्की ढलीलाई नगद ५० हजार रूपियाँ सहित सम्मानित गरिएको छ ।

त्यस्तै प्रेमध्वज प्रधान राष्ट्रिय युवा संगीत पुरस्कार २०८२ बाट गायक सुरजकुमार थापालाई नगद ५० हजार रूपि"यासहित सम्मानित गरियो भने प्रेमध्वज-किरण प्रधान राष्ट्रिय प्रतिभा संगीत सम्मान सिन्धुपाल्चोकका गायक चन्द्र सिं घलेलाई नगद २५ हजार रूपिया"सहित प्रदान गरिएको छ। सम्मान र पुरस्कार कार्यक्रमकी सभापती, प्रतिष्ठानकी संस्थापक अध्यक्ष तथा गायक प्रधानको पत्नी किरण प्रधान, प्रमूख अतिथि चौतारा सांगाचोकगढी

नगरपालिकाका प्रमुख कृष्णप्रसाद सापकोटा तथा अतिथीहरू सो नगरपालिकाकी उपप्रमुख सिता थापा, गीतकार तथा कवि दिनेश अधिकारी, गायिका तीर्थकुमारी थापालगायतले प्रदान गरेका थिए ।

कार्यक्रममा प्रतिष्ठानकी कोषाध्यक्ष तथा प्रेमध्वजकी भाञ्जी भुवन मास्केले चौतारावासीको तर्फबाट गरिएको सम्मान ग्रहण गरेकै हलमा आएर कार्यक्रम गरिएको जनाउँदै त्यसप्रति खुशी व्यक्त गरिन् । गीतकार तथा दिनेश अधिकारीले प्रेमध्वजको व्यक्तिगत तथा सागितीक जीवनबारे चर्चा गर्दै प्रधान व्यक्तिको रूपमा पनि निकै सरल र असल स्वभावको रहेको बताए । उनले सिन्धुपाल्चोकका विद्यार्थी प्रेमध्वजको बारेमा विद्यावारिधी गर्नुपर्ने चर्चा गर्दै चौताराको कुनै स्थल प्रेमध्वजको नाममा नामाकरण गर्न, प्रेमध्वजको नाममा छात्रवृत्ती र पुरस्कार स्थापना गर्नसमेत स्थानिय सरकारलाई सुझाए। नगर प्रमूख सापकोटाले प्रेमध्वज राष्ट्रिय विभूतीका साथै सिन्धुका नीधि भएको चर्चा गर्दै उनको नाममा चोक चौतारा निर्माण गर्न वा उनको योगदानको कदर गर्न कन्जुस्याई नगर्ने बताए ।

कार्यक्रममा गायक सुरजकुमार थापा, चन्द्रसिह घले र रोशन श्रेष्ठले प्रेमध्वजका गीतहरू प्रस्तुत गरेका थिए भने स्थानिय वनदेवी माविका छात्रछात्राले नृत्य प्रस्तुत गरेका थिए ।

गायक प्रधानको ४ वर्षअघि २०७८ सालमा निधन भएको थियो । प्रधानको नाममा उनको परिवारले २०७९ सालमा गोल्डेन भ्वाइस प्रेमध्वज स्मृती प्रतिष्ठानको स्थापना गरेको हो । जसले प्रेमध्वजको जन्मजयन्तीको अवसर पारेर प्रत्येक दुई वर्षमा नेपाली सुगम संगीतमा साधनारत संगीतकर्मीलाई सम्मान गर्दै आएको छ ।

सुमन खड्काले चुमे राष्ट्रिय लोकदोहोरी आइडलको उपाधि, संगीना थापा भइन् उपविजेता

म्यूजिक खबर/काठमाडौं

'राष्ट्रिय लोकदोहोरी आइडल २०८२' को उपाधि गाउँबेसी रोधीघर पोखराका सुमन खड्काले चुम्न सफल भएका छन् । सांस्कृतिक समाज नेपालद्वारा पुलिस क्लब भृकुटीमण्डपमा आयोजना भएको राष्ट्रिय लोकदोहोरी आइडलमा प्रथम बन्दै खड्काले उपाधि जितेका हुन् । उपाधिसहित उनले मोटरसाइकल, नगद ३३,३३३, ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् । त्यस्तै सालघारी दोहोरी साँझ काठमाडौंकी संगीना थापा मगरले दोस्रो स्थानको उपाधि चुम्दै स्कुटर, नगद २२,२२२, ट्रफी र प्रमाणपत्र पाएकी छन् ।

कार्यक्रममा अन्य १० उत्कृष्ट कलाकारहरूलाई विभिन्न विधामा नगद रू १५५५, ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो। देशभरिका ६९ दोहोरी साँझहरूबाट प्रतिनिधित्व गर्दै आएका प्रतियोगिताबाट १६ जना कलाकार लोकदोहोरीको प्रीमियर लिगका लागि छनोट भएका छन् ।

कार्यक्रममा विशिष्ट निर्णायकको रूपमा तेजबहादुर केसी र प्राज्ञ दुर्गा रायमाझी थिए । त्यस्तै निर्णायक मण्डलमा सुवास केसी, राजु ढकाल, प्रचण्ड जिसी, जीवन दाहाल, दीपक खड्का, दुर्गा गुरूङ, सत्यकला राई, कोपिला गौतम तथा निर्णायक सहयोगीको रूपमा भरत बाराकोटी र प्रेम शर्मा थिए ।

बर्गीकृत विज्ञापन

रेकर्डिङ स्टुडियोहरू

१. राग रेकर्डिङ स्टुडियो
न्यूप्लाजा, काठमाडौं फोनः ९८५१२५६६६६

२. आलाप म्यूजिक रेकर्डिङ स्टुडियो
सामाखुशी, काठमाडौं । फोनः९८४९१५५०९७

३. स्टुडियो अडियो ल्याब
अनामनगर पूर्वीगेट, फोनः ९८६३३३१०८०

४. एम.बी. म्यूजिक रेकर्डिङ स्टुडियो
कपुरधारा, काठमाडौं फोनः ९८४१८७९१०५

५. मारुनी डिजिटल रेकर्डिङ स्टुडियो
उत्तरढोका, काठमाडौं फोनः ९८५११४६१५६, ९८१०९३५९५४, ९८०३६९५९००

५. मेलोडी नेपाल रेकर्डिङ स्टुडियो
अनामनगर, काठमाडौं । फोनः ०१-४१०२६४३, ९८५१२३९३०७, ९८४३२९६७५१, ९८४१६९५२८४, ९८४७४२५२६०,

६.प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं, फोनः ०१-४२६८६१४

एरेन्जर

- सुदीप सागर, फोनः ९८५११८८२३७
- दीपकराज विश्वकर्मा, फोनः९८६५०४२६८७
- आशिष अबिरल, फोनः९८५१२५६६६६
- विपिन आचार्य, फोनः९८४१८७९१०५

दोहोरी साँझ

- गाउँले रोधीघर
मित्रनगर, नयाँबसपार्क
- चाँदनी रोधी नाचघर,
मित्रनगर, नयाँबसपार्क
- डाँडाघरे रोधीघर एण्ड क्लब
मित्रनगर, नयाँबसपार्क

भिडियो निर्माण कम्पनी

- गुरुआमा फिल्म्स प्रा.लि.
अनामनगर, काठमाडौं । फोनः९८४१११६२६७
- साइभिजन प्रा.लि. अनामनगर
फोनः ४१०२६८४/९८५१११२६४९
- नारयणी नृत्य केन्द्र, रेडन सामाखुशी
फोनः ९८४५३०३२२०

संगीत प्रशिक्षण केन्द्र

- साधना कला केन्द्र, पुतलीसडक
फोनः ४४४०२२८/४४४०१६८

बर्गीकृत विज्ञापनका लागि

९८५१००७४३०
९८४१७१०७५१

"गीतकार टेक तामाङ सांगीतिक साँझ" हुने

म्यूजिक खबर/काठमाडौं

चर्चित गीतकार टेक तामाङको पहिलो एकल साँझ हुने भएको छ । कमलादीस्थित प्रज्ञा प्रतिष्ठानको प्रेक्षालयमा आगामी असार १४ गते शनिबार, दिनको ४:०० बजेबाट प्रारम्भ हुने एकल साँझलाई गीतकार संघ नेपालले आयोजना गर्न लागेको हो । उक्त एकल साँझ कार्यक्रमलाई 'गीतकार टेक तामाङ सांगीतिक साँझ - २०८२' नाम दिइएको छ ।

गीतकार तामाङको सयौं गीतहरू रेकर्ड छन् । एकल साँझमा गीतकार तामाङले रचना गरेका नयाँ र पुराना गरेर १७ वटा लोकप्रिय गीतहरू प्रस्तुत गरिने छ । एकल साँझका लागि चयन भएका गीतहरू नेपाल मेरो घर, आमा, स्वर्ग सुख, मीठा मीठा बोली, जिल्हेहरूको पनि, आफ्नै धड्कन, मन पर्छ, अल्झिरह्यो याद, नजिक यति भएर पनि, तिमी सागर, तिमीलाई पराईको, अँगालोमा बेरिरहुँ, जन्मिखेली, मै खुकुरी, माथि माथि लेकमा, जोर मादलको तालैमा, स्वर्ग झैं सैलुङ्ग लगायतलाई विभिन्न गायक गायिकाले प्रस्तुत प्रस्तुत गर्ने छन् ।

प्रत्यक्ष वाद्यवादनसहित अग्रज गायक गायिका देखि अहिलेका लोकप्रिय गायक गायिकासम्मले गीत गाएर झुमाउने छन् । कार्यक्रममा दिप श्रेष्ठ, संगीता राना प्रधान, किरण प्रधान, शिव परियार, राजेशपायल राई, अन्जु पन्त, सत्यराज आचार्य, स्वरूपराज आचार्य, डेबिड शंकर, रूपक चौधरी, प्रदिपराज पाण्डे, कन्काइष्ट राई, सन्जय तुम्ब्रोक, सुमिना लो, रेश्मा बमजन, अस्मिता अधिकारी, प्रल्हाद तिमिल्सिना लगायत उनका चर्चित गीतहरूमा गुञ्जिने छन् ।

कार्यक्रमका लागि संगीत संयोजन अशोककुमार राईले गर्ने छन् । २२ जनाको बाद्यवादन समुह अन्तर्गत किबोर्डमा शिला बहादुर मोक्तान, भ्वाईलिन सेक्सोफोनमा मनोहर सुनाम, भ्वाईलिनमा मोहनकृष्ण कार्की ढली, रविन कार्की ढली, किसोर कार्की ढली, नारायण कार्की ढली, केशवल सुनाम र बिकाशनाथ योगी रहने छन् । त्यस्तै गोपाल देव घतानी र धन बहादुर गुरूङ बाँसुरीमा रहने छन् भने तवलामा कुमार महाराज र भरत बुढाथोकीले साथ दिने छन् । ढोलकमा मेघराज लुङ्केली रहनेछन् भने मादलमा अनिल थापा र पोषण धर्तीले साथ दिने छन् । यसैगरी बेश गीटारमा देव राई रहने छन् भने लिड गिटारमा संजिव लिम्बु, रिदम गीतारमा दिपेश श्रेष्ठ, सितारमा सिता मैया राहचल, सारङ्गीमा भरत

नेपाली, प्याड ड्रममा भुपेन्द्र रसाइली रहेर गायक गायिकालाई साथ दिने छन् ।

कार्यक्रमलाई सभ्य, भव्य र सुसंस्कृत रूपमा सम्पन्न गर्नका लागि कार्यक्रम व्यवस्थापन तथा समन्वय समिति पनि गठन गरिएको छ । गीतकार संघका अध्यक्ष समेत रहेका गीतकार बसन्त बित्यासी थापाको संयोजकत्वमा गठन भएको समितिको सदस्यमा - अशोककुमार राई, सुमन पण्डित 'बैरागी' टिका राई (शिव), कन्काइष्ट राई, शशी लुमम्बु, सुशील केसी, अर्जुन बहादुर घलान र गोपालचन्द्र राई रहेका छन् ।

'टेक तामाङ सांगीतिक साँझ-२०८२' ले सामाजिक सशक्तीकरण र सांस्कृतिक प्रवर्द्धनमा समेत प्रेरणा दिन सहयोग पुग्ने आयोजकको अपेक्षा छ । आयोजक संस्थाका अध्यक्ष एवं कार्यक्रम व्यवस्थापन समितिका संयोजक थापाले एकल साँझलाई भव्य बनाउन कुनै कसर बाँकी नराख्ने जानकारी दिए । थापाले भने- नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति एवं बिशिष्ट साहित्यकार बैरागी काइँलाको प्रमुख आतिथ्यता रहने कार्यक्रममा सांगीतिक क्षेत्रका लोकप्रिय एवं विशिष्ट व्यक्तित्वहरूका बाक्लो उपस्थिती रहने छ । नेपाली संगीतको प्रवर्द्धनका लागी पनि यो कार्यक्रमको आयोजना गरिएकाले पनि गीत संगीतका सम्बन्धी संघसंस्था, व्यवसायी, समाजसेवी, पत्रकार र संगीतप्रेमी सबै सामु सहयोगको अपेक्षा र आग्रह गर्दछु ।' थापाका अनुसार कार्यक्रममा गीतसंगीतलाई माया गर्ने दर्शक तथा स्रोतालाई निःशुल्क रूपमा टिकटको व्यवस्था गरिएको छ । कार्यक्रमको तयारी तीब्र भइरहेको पनि उनले बताए ।

विसं. २०५० सालमा 'छाल आउँदा सम्झनाको' पहिलो गीत ल्याएका तामाङ नेपाली संगीत र साहित्यमा निरन्तर क्रियाशील छन् । उनका राष्ट्रिय भावधाराका गीत तथा कवितासंग्रह-'माटोको आवाज', राष्ट्रिय भावधाराका गीतसंग्रह- 'स्वदेश', आधुनिक गीतसंग्रह - 'जीवनसाथी', आधुनिक गीतसंग्रह- 'आमा', आधुनिक गीतसंग्रह -'नाता', भजनसंग्रह -'भक्तिसागर', राष्ट्रिय भावधाराका गीत तथा कवितासंग्रह -'नेपाल आमा' जस्ता कृति सार्वजनिक भएका छन् भने थुप्रै पाण्डुलिपि आउने तयारीमा छन् । नेपाली सांगीतिक क्षेत्रमा योगदान पूऱ्याउँदै आएका तामाङ प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) समेत हुन् । हाल उनी काठमाडौं उपत्यका प्रहरी कार्यालयका कार्यालय प्रमुख भएर राष्ट्रसेवामा समर्पित छन् ।

रामकृष्ण र अम्बिका प्रेममा चुर्लुम्म



म्युजिक खबर । लोकप्रिय गायक रामकृष्ण ढकाल यतिबेला अम्बिका तामाङसँगको प्रेममा चुर्लुम्म डुबेका छन् । यी दुई प्रेमी-प्रेमीकाले एक अर्काको बर्णन गरेर थाकेका छैनन् । रामकृष्णले अम्बिकाको रूपको तारिफ गर्दै भनेका छन् -

गुराँस जस्तो लागेर हो कि
त्यो रूप मन परेको
मोहनी रंग गुराँसमा हो कि
तिम्रो पो सरेको ।

रामकृष्णका प्रेमपूर्ण अभिव्यक्तिलाई अम्बिकाले उतिकै प्रेभभाव सहित जवाफ दिन्छिन् -

वर्णन झुठो गरेको हो कि
साँच्चै मन पराको
जुनीलाई हो कि दुई दिनलाई माया
मन छ यो डराको ।

रामकृष्ण र अम्बिकाले वास्तविकता भने यो अभिव्यक्ति दिएका होइनन् । प्रसंग भर्खरै सार्वजनिक भएको 'गुराँसजस्तो' बोलको म्यूजिक भिडियोको हो । विजय सिवाकोटीको शब्द रचना गीतको भिडियोमा उनीहरूलाई प्रेमील जोडीको रूपमा देखाइएको हो । गीतमा रामकृष्ण ढकाल र सञ्जिवनीको स्वर रहेको छ । शम्भुजीत बास्कोटाको संगीत रहेको गीतलाई दीक्षित पौडेलले संगीत संयोजन गरेका हुन् ।

गीतको भिडियोमा प्रेमभावको प्रेमी-प्रेमिकाको वर्णन गरिएको छ । रोमान्टिक शैलीमा निर्माण गरिएको गीतको भिडियोलाई सुनिल उप्रेतीले निर्देशन गरेका छन् । भिडियोमा मनोज चौहान एण्ड टिमको छायांकन, समीर ओलीको ड्रोन सट् छ भने सम्पादन निर्देशक सुनिलले नै गरेका छन्। गीत 'विजय सिवाकोटी' युट्युब च्यानलमा सार्वजनिक गरिएको छ ।

विज्ञापन व्यवसाय संचालन गर्दा ध्यान दिनुपर्ने कुराहरू

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन वोर्डमा सुचीकरण गरौं,
- विज्ञापन वोर्डमा सुचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं,
- विज्ञापन सम्बन्धी कुनै गुनासो भए विज्ञापन बोर्डमा उजुरी गरौं,
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं,
- सञ्चारमाध्यमबाट जारी बिजकको आधारमा एजेन्सीको शुल्क खुलेको बीलबाट मात्र विज्ञापनको भुक्तानी गरौं,
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सोह्रौं प्रिज्मा डी सिने अवार्ड सम्पन्न, गिरी र उप्रेतीलाई "चलचित्रकर्मी रजत सम्मान"

म्यूजिक खबर/काठमाडौं

सोह्रौं प्रिज्मा डिसिने अवार्ड भव्यरूपमा सम्पन्न भएको छ । किर्तीपुरको कीर्तिपुर सिनेप्लेक्स सिनेमा हलमा आयोजित भव्य कार्यक्रमका बीच मनोनयनमा रहेका उत्कृष्ट पाँच मध्येबाट सर्वोत्कृष्ट घोषणा गरिएको हो ।

छायाँछवी क्रियसनको प्रस्तुतिमा भएको अवार्डमा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी प्रमुख अतिथि रहेका थिए । चलचित्र सम्बन्धी विभिन्न २० विधामा अवार्ड प्रदान गरिएको अवार्डका अध्यक्ष शान्तिप्रियले बताए ।

समारोहमा कलाकार दिपकराज गिरी र अभिनेत्री रेजिना उप्रेतीलाई 'छायाछवी चलचित्रकर्मी रजत सम्मान" अर्पण गरियो । नेपाली चलचित्र क्षेत्रमा २५ वर्षभन्दा बढी समयदेखि पूऱ्याएको अतुलनिय योगदानको कदर गर्दै गिरी र उप्रेतीलाई सम्मान गरिएको हो । चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, बिशिष्ट कलाकारद्वय बसुन्धरा भुसाल, चैत्यदेवी लगायतको हातबाट दोसल्ला र प्रमाणपत्र सहित सम्मान गरिएको थियो । त्यस्तै सञ्चारकर्मी गीता अधिकारी 'रेखा फिल्म्स् छायाछवी छायाछवि चलचित्र पत्रकारिता पुरस्कार'बाट नगद १६ हजार रूपैयाँ सहित पुरस्कृत भइन् ।

सोहि समारोहमा अन्य गीतसंगीत, चलचित्र क्षेत्रका कलाकार र व्यवसायीलाई सम्मान गरिएको थियो । गायिका अनिता कुवँरलाई छायाँछबि गायनकला सम्मान अर्पण गरियो भने नवीनश्रेष्ठ, निखील बिसी, ओम अग्रवाल र प्रिज्योल भण्डारी छायाँछबि कला सम्मानबाट सम्मानित भए । त्यस्तै छायाँछबि संगीत ब्यबसायी सम्मानबाट शिवराज पौडेल सम्मानित भए ।

अवार्ड कार्यक्रममा चलचित्र अगत्स्यबाट सौगात मल्ल सर्वोत्कृष्ट अभिनेताको अवार्ड उचाले भने केकी अधिकारी प्रसाद २ बाट उत्कृष्ट अभिनेत्री घोषित भएकी भइन् । त्यस्तै, बुलाकी सर्वोत्कृष्ट फिल्म घोषित भयो भने भने दिमाग खराब चलचित्रबाट निश्चल बस्नेतले सर्वोत्कृष्ट निर्देशकको अवार्ड हात पारे ।

चलचित्र बुलाकीबाट राजबहादुर सानेले उत्कृष्ट लेखनको अवार्ड हात पार्दा नाङ्डो गाउँबाट शिशिर वाङदेल सर्वोत्कृष्ट खलपात्र घोषित भए ।

सर्वोत्कृष्ट छाँयाकार बुलाकीबाट शिव ढकाल, ऐंचो पैंचोबाट विपीनमल्ल/भुपेन्द्र अधिकार सर्वोत्कृष्ट सम्पादक बन्न सफल भए । यसैगरि अर्जुन पोखरेल सर्वोत्कृष्ट संगीतकार उपहार (कहिले बार बिर्सिन्छु), सर्वोत्कृष्ट पार्श्व गायक करण परियार (रातले कुर्‍या चन्द्रमा-बुलाकी), दुर्गा खरेल तिमी बदनामी गीतबाट (नीरफुल) सर्वोत्कृष्ट पार्श्वगायिका, हर्क साउद रीत (जारी), शाश्वत श्रेष्ठले उपहार चलत्रिबाट सर्वोत्कृष्ट पार्श्व संगीतको अवार्ड हात पारे । उपहार चलचित्रबाटै सञ्जय श्रेष्ठले सर्वोत्कृष्ट ध्वनी मिश्रणको अवार्ड चुमे ।

यस्तै, जारी चलचित्रबाट उपेन्द्र सुब्बा उत्कृष्ट नवनिर्देशक घोषित भने रितेश चाम्सले गोर्खा वारियरबाट उत्कृष्ट नवअभिनेताको अवार्ड उचाल्न सफल भए भने नवअभिनेत्री नीरफुलबाट शान्ती वाइवाको हातमा पऱ्यो । उत्कृष्ट द्धन्दनिर्देशकको अवार्ड श्री श्रेष्ठले काँडेतारबाट चुमे भने कविराज गहतराजले काले केटाले (ऐंचोपैंचो) बाट सर्वोत्कृष्ट नृत्य निर्देशकको अवार्ड हात पारे । यसैगरि अगत्स्यबाट नाजीर हुसेन सर्वोत्कृष्ट सह-अभिनेता घोषित भए भने उपहारबाट अभिनेत्री पूजा शर्मा सह-अभिनेत्री ठहरिन् । नवअभिनेता जुरी अवार्ड बुलाकी चलचित्रबाट बिराज विष्टले उचाले ।

अवार्डका लागि चलचित्र सेलेक्सन कमीटीको जुरीमा शोभा पाण्डे, राजन खरेल र कमल एक्चै मगर रहेका थिए । मोहन निरौलाको संयोजनमा बनेको अवार्डको जुरी मण्डलमा बिजय रत्न तुलाधर, सन्तोष श्रेष्ठ शोभीता सिंखडा रहेका थिए । कार्यक्रममा वरिष्ठ गायिका देविका बन्दना, गीतकार संघ नेपालका अध्यक्ष वसन्त वित्यासी थापा, अभिनेता गजित विष्ट, प्रिज्मा टेलिभिजनका अध्यक्ष निर्जल श्रेष्ठ, चलचित्र संघका अध्यक्ष नरेन्द्र महर्जन, चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली लगायतका कलाकारहरूको उपस्थिति रहेको थियो । कार्यक्रम संचारकर्मी निराजन भण्डारीले संचालन गरेका थिए भने कार्यक्रममा अस्मिता पुरी र सुरेन बसेलको नृत्य समूहले सांगीतिक प्रस्तुति दिएका थिए ।

स्रष्टा र सिर्जना

कवि मा. मीना श्रेष्ठको एकल कविता वाचन

म्यूजिक खबर/काठमाडौं

महिला साहित्य समूहले डालो रेस्टुरेन्ट, अनामनगर, काठमाडौंमा साहित्यकार माननीय मीना श्रेष्ठको एकल कविता वाचन कार्यक्रमकि आयोजना गऱ्यो । वरिष्ठ साहित्यकार उषा शेरचनको सभापतित्वमा आयोजित सो कार्यक्रमको प्रमुख अतिथि गुन्जनकी अध्यक्ष कथाकार जलेश्वरी श्रेष्ठ रहनु भएको थियो । कार्यक्रममा कवि

मीना श्रेष्ठले आफ्ना १५ थान कविता वाचन गर्नु भएको थियो भने साहित्यकारहरू मन्जिला अनिल, शान्ति पौडेल, सृजना शर्मा, निर्मला फुँयाल, उषा शेरचन, रीता खत्री लगायतले कवि श्रेष्ठको कविता वाचन गर्नु भएको थियो ।

कार्यक्रममा साहित्यकार डा. यादेवी ढकालले कवि

मीना श्रेष्ठको संक्षिप्त परिचय गराउनु भएको थियो । महिला साहित्य समूहकी संयोजक कवि रीता खत्रीले सहजीकरण गर्नु भएको सो कार्यक्रममा प्रमुख अतिथि जलेश्वरी श्रेष्ठ, सभापति उषा शेरचन र कवि मीना श्रेष्ठले विशेष मन्तव्य राख्नु भएको थियो ।

वि. स. २०३४ चैत २६ गते खोटाङमा जन्मिनु भएकी कवि मीना श्रेष्ठ २०५३ सालमा "खै कहाँ खोजुँ म नारी मुक्ति" कविता प्रकाशित गरेर नेपाली कविता साहित्यमा प्रवेश गर्नु भएको हो । कवि श्रेष्ठको "बिस्कुन यो मनको" २०७१ र "फर्गेट एस्टर्डे" कविताकृतिहरू प्रकाशित रहेका छन् ।

गायक बन्ने कि संगीतकार
टेन्सन भयो ?
नआत्तिनुस् !
संगीत सिक्नुस् !
अब स्पेशल कोर्षमा
रू. २०००।
छुट
ग्यारेन्टीका साथ सिकाउने ठाउँ
यहाँ गायन, वाद्यवादन (गीतार, हारमोनियम, तबल, पियानो, भायोलिन, मादल र सारङ्गी लगायतका विधाहरु) सिकाइनुका साथै गीत संगीत सम्बन्धी सम्पूर्ण कार्यहरु गरिन्छ ।
"संगीत सिकौं स्वस्थ र समृद्ध बनौं"
श्रुति संगीत विद्यालय
अनामनगर (सामाजिक विकास भवन अगाडि) सम्पर्क: ९८५१००८५४५, ९८४१५६६५५८

गायनमा छलाङ मार्दै गायिका रेश्मा

■ म्यूजिकखबर

गायिका रेश्मा तामाङ प्रतिभाशाली गायिका हुन् । नम्र स्वभावकी उनी विगत १२ वर्षदेखि गीतसंगीतमा समर्पित भएकी छिन् । गोरखा सिरानचोक वडा नं. ८ की स्थायी बासिन्दा उनले १२ वर्ष अगाडि सांगीतिक क्षेत्रमा प्रवेश गरे की हुन् । विन्दबासिनी म्युजिकबाट बजारमा सार्वजनिक भएको 'बदमाश' बोलको गीत उनको करिअर को पहिलो गीत हो । सानैदेखि गीतसङ्गीतमा रूचि राख्ने उनी स्कुले दिनमा अतिरिक्त क्रियाकलापमा भाग लिएर गीत गाउँथिन् । उनको गायकी सुनेर शिक्षक, आफन्त, साथीभाइ लगायतले उनलाई हौसला दिन्थे ।

गायनमा लागेपछि आफूलाई सन्तुष्टि मिलेको र परिवारको पनि साथ पाएको उनी बताउँछिन् । रेश्माले अहिलेसम्म गाएका सबै गीतबाटै स्रोताको राम्रो माया पाएकी छन् । ' बजारमा फरक किसिमको स्वर सुन्न पाइयो, गायन शैली र भ्वाइस पनि फरक छ' स्रोता दर्शकले दिएको प्रतिक्रिया सुनाइन् । 'मैले गीतमा फरक फरक जनरामा गाउन ट्राई गरेको छु' उनले थपिन् । उनका अनुसार उनले अहिलेसम्म लोक गीत, लोकदोहोरी, पप आधुनिक र आधुनिक जनराका गीत गाइसकेकी छिन् । विशेषतः सांस्कृतिक गीतहरूमा पनि उनको चासो र संलग्नता देखिएको छ । युट् युबमा उनको स्वरले सजिएका कौडा गीत, तामाङ सेलो गीत, दोहोरी गीत पनि प्रशस्तै भेटिन्छन् ।

उनी अहिले गीत रेकर्ड र लाइभ दोहोरीमा निकै व्यस्त देखिन्छिन् । दर्जन बढी गीत सार्वजनिक भएता पनि उनका स्वरमा थुप्रै गीतहरू रेकर्ड भएका छन् । रातो रिबन, जुध्यो नजर, जाउला रेलैमा सरर, बुट्टे चोलिरी, स्योङला काखेला मि टुल टुल, दिउँला फुलको थुङ्गो, ड्योल्स्योलाई नदेख्दा जस्ता गीतलाई श्रोता दर्शकले मन पराएका छन् । पछिल्लो समय सार्वजनिक भएको रातो रिबन बोलको गीतले निकै चर्चा कमाउन सफल भएको छ । लोकप्रिय गायक मिलन लामासँग रेश्माको युगल स्वर रहेको यस गीतमा रायन बस्याल र लमिन तामाङले अभिनय गरेका छन् । यो गीतले चर्चा कमाएपछि उनका पुराना गीतहरू पनि श्रोताले खोजी खोजी सुनिरहेका छन् । उनी कहिलेकाहिँ आफ्ना गीतमा आफैं मोडलिङ पनि गर्छिन् । देवराज आले र रेश्माको स्वर रहेको जुध्यो नजर गीतमा मनोज गुरूङसँग जोडी भएर अभिनय गरेकी छिन् । आफुभन्दा अग्रज गायक गायिकादेखि अजुजसम्म सहकार्य गर्दै आएकी छिन् । सांगीतिक प्रस्तुतिका लागि पनि उत्तिकै समय दिइरहेकी हुन्छिन् । उनी भन्छिन् - 'कार्यक्रममा दर्शकले मेरो भ्वाईसको प्रशंसा गर्नुहुन्छ । कार्यक्रममा दर्शकले मात्र होइन, म आफै पनि इन्जोय गर्छु ।'

कर्णप्रिय स्वरकी धनी रेश्माले अवार्ड, सम्मान र पुरस्कार पनि पाउँदै आएकी छिन् । दोश्रो काब्य म्यूजिक अवार्डमा उत्कृष्ट तामाङ सेलो गायिका बन्न सफल भइन् । उनले मायाको डोरी गीतबाट पाएको यो अवार्ड उनको करिअरको पहिलो अवार्ड हो । त्यस्तै नवौं नेशनल क्यापिटल अवार्डमा डोल्योसलाई नदेख्दा लोकदोहोरी गीतबाट उत्कृष्ट लोकदोहोरी गायिकाको अवार्ड चुम्न सफल भइन् । यहि क्रममा जेठ २३ गते सम्पन्न भएको १२औं म्यूजिक खबर म्यूजिक अवार्डमा उनी सर्वोत्कृष्ट कल्चरल गीत गायिका बन्न सफल भइन् । जुध्यो नजर बोलको गीतबाट उनले उक्त अवार्ड उचालेकी हुन् ।

मोफसलमा रहेर दोहोरी साँझमा काम गरिरहेकी उनी सांगीतिक करिअरलाई नै उचाइमा लैजान पोखराबाट काठमाडौं प्रवेश गरेकी थिइन् । जब काठमाडौंमा छिरेर गीतसंगीतको रेकर्डिङ, दोहोरी साँझको जागिर र मेला महोत्सव हिंड्न थालिन् आफूले अझै सिक्नुपर्ने धेरै कुराहरू भेटिन् । त्यही क्रममा उनले संगीतको शिक्षा पनि लिन थालिन् । अहिले पनि उनी संगीतको शिक्षा निरन्तर लिइरहेकी छन् । गाउँको रोधीघरको सांगीतिक यात्रादेखि रेकर्डिङको यात्रामा लाग्दा धेरै अनुभव बटुलेकी छन् । स्रोता दर्शकको माया धेरै पाएकी छन् तर स्रोता दर्शकलाई दिनुपर्ने कुरा अझै धेरै बाँकी भएको बताउने गर्छिन् ।

उनी अहिले गाउँबेसी दोहोरी नाचघरमा रात्रीकालिन समय दोहोरी गायिकाको रूपमा कार्यरत छिन् । दोहोरी साँझ नयाँ कलाकारहरूका लागि विद्यालय हो भने आत्मनिर्भरको बाटो पनि भएको बताउँछिन् । तर उनको पछिल्लो समयमा आएका गीतहरूले लोकप्रियता बटुलेसँगै मेला महोत्सव र विदेशका कार्यक्रमहरूमा पनि निम्तो आइरहेको बताउँछिन् । स्रोताका लागि अझै नयाँ गीतहरू दिनुपर्छ । गुणस्तरीय गीतसंगीत निर्माण गरियो भने स्टेज शोहरूमा पनि दर्शकको अझै माया पाउन सकिन्छ भन्ने सोचमा उनी एकपछि अर्को गीतहरू बजारमा ल्याउन सक्रिय छिन् ।



म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादकः सविता पोखरेल (९८४१७१०७५१), प्रधान सम्पादकः सुमन बैरागी (९८५१००७४३०)
कार्यालयः कपुरधारा, काठमाडौं । फोनः ०१-४०१०५४५ इमेलः musickhabar.com@gmail .com, musickhabarnews@gmail.com, मुद्रणः लक्ष्मी गणेश प्रेस प्रा.लि. बागबजार काठमाडौं